नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग

# व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र

भैंसेपाटी, ललितपुर




# वार्षिक प्रगति प्रतिवेदन
## आ.व. २०८१/०८२

फोन नं. ००९७७-१-५५९०८५५, ५५९०८५६, ५५९०८६० पो.ब.नं. २००८२
Website: www.oshc.gov.np, Email: oshc.gov.np@gmail.com

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र
भैंसेपाटी, ललितपुर

# आभार

नेपालको संविधानमै श्रमिकको हक अधिकार सुनिश्चित गर्ने सुरक्षित कार्य वातावरण लगायत सामाजिक सुरक्षाको व्यवस्था रहेको छ, यस्तै व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी कानूनमा सुरक्षित कार्य वातावरण सुनिश्चित गर्ने प्रावधान रहेको छ। कार्यस्थलमा सुरक्षा तथा स्वास्थ्यको प्रवर्द्धनका लागि व्यवसायजन्य सुरक्षा र स्वास्थ्य नीति, २०७६ तथा श्रम ऐन र नियमावलीमा यसको व्यवस्था रहेको छ। श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र यस अन्तर्गत रहेका श्रम कार्यालय, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रले यस विषयमा विभिन्न सचेतनामूलक कार्यक्रम, गोष्ठी, कार्यस्थल अनुगमन, मूल्याङ्कन, Intervention programs, विभिन्न जोखिमका क्षेत्रको अध्ययन अनुसन्धान गर्दै आइरहेका छन् ।

यो वार्षिक प्रतिवेदन केन्द्रबाट संचालित वार्षिक कार्यक्रमहरूको उपलब्धिको एकिकृत संगालो हो । यस केन्द्रबाट आर्थिक वर्ष २०८१/८२ मा संचालन गरिएका प्रत्येक कार्यक्रमको लक्ष्य र प्रगतिको आधारमा समिक्षात्मक मूल्यांकन यस प्रतिवेदनमा गरिएको छ। व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रको महत्वपूर्ण उपलब्धिको रूपमा यो प्रतिवेदन तयार पारिएको छ। यस वार्षिक प्रतिवेदनको उद्देश्य भनेको केन्द्रको महत्वपूर्ण उपलब्धिहरूलाई लिपीबद्ध गरी सरोकारवाला समक्ष प्रस्तुत गर्नु रहेको छ। यस प्रतिवेदनमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसँग सम्बन्धित समस्याहरूको पहिचान गरी सम्पन्न गरिएका कार्यक्रमहरूको उपलब्धिको मूल्याङ्कन गरिएको हो। केन्द्रले सम्पन्न गरेको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको सफलताको अनुभव बाँड्ने अवसर पनि यस प्रतिवेदनले जुराइ दिएको छ।

मलाई सुम्पिएको यति महत्वपूर्ण काम सफलतापूर्वक सम्पन्न गर्न केन्द्र परिवारले गरेको मेहनतप्रति आभारी छु। यस वार्षिक प्रतिवेदनको तयारीको आरम्भदेखि नै प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा समर्पित सहयोग, टेवा तथा नैतिक प्रेरणा दिनु हुने श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका महानिर्देशकज्यू प्रति कृतज्ञता जाहेर गर्दछु। अन्तमा यस प्रतिवेदनलाई मुर्तरूप दिन मेरा हरेक कदममा सहयोग पुऱ्याउने व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रका सम्पूर्ण कर्मचारी साथीहरु प्रति पनि म उत्तिकै आभारी छु। त्यसै गरी यस प्रतिवेदनको तयारीमा आफ्नो तर्फबाट अमूल्य योगदान दिनु हुने सम्पूर्ण कर्मचारीहरूको गुन पनि अविस्मरणीय रहने छ।

...................
ई. प्रतिभा गौतम
केन्द्र प्रमुख

# विषय सूची

## खण्ड एक

### व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र


१.१ पृष्ठभूमि....१
१.२ दृष्टि (Vision) .... २
१.३ ध्येय (Mission) .... २
१.४ उद्देश्य (Objective) ....३
१.५ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य....३
१.६ संस्थाको संरचना .... ४
१.६.१ भौतिक पूर्वाधार .... ४
१.६.२ सांगठनिक संरचना .... ६
१.७ केन्द्रबाट सम्पादन गरिने मुख्य-मुख्य कार्यहरु .... ६
१.७.१ तालिम तथा गोष्ठि .... ६
१.७.२ सरोकारवालहरुको समन्वय विकास.... ७
१.७.३ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम .... ७
क) राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सप्ताह .... ७
ख) चेतनामूलक सामग्री निर्माण.... ७
१.७.४ कार्यस्थल अनुगमन र परामर्श सेवा .... ७
१.७.५ प्रशिक्षण सामग्री .... ८
१.७.६ अध्ययन अनुसन्धान.... ८
१.७.७ राष्ट्रिय अभिलेख.... ८
१.८ नेपालमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी विद्यमान नीति, नियमहरुः.... ८
१.९ कार्यस्थलमा अधिकतम प्रकाशको (स्तर) मापदण्ड, २०७३.... ९
१.१० कार्यस्थलमा अधिकतम ध्वनीको (स्तर) मापदण्ड, २०७३.... ९
क) लगातार रुपमा निस्किने ध्वनी (For Continuous Noise).... ९
ख) पटके ध्वनीको लागि (For Impact Noise)....१०


## खण्ड दुई

### आर्थिक वर्ष २०८१/८२ को लागि स्वीकृत कार्यक्रम तथा बजेट


२.१ पूँजीगत तर्फको कार्यक्रमः-....११
२.२ चालुगत तर्फको कार्यक्रमः- ....११


## खण्ड तीन

### आर्थिक वर्ष २०८१/८२ मा संचालित कार्यक्रम तथा प्रगतिको अवस्था


३.१ आ.व. २०८१/८२ मा संचालित कार्यक्रमहरु....१३

३.१.१ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी दक्षता अभिवृद्धिमूलक १४ दिने प्रशिक्षण ....... १३
३.१.२ प्रेसर र भेसल तथा ब्वायलर सुरक्षा सम्बन्धी ७ दिने दक्षता अभिवृद्धिमूलक प्रशिक्षण ....... १४
३.१.३ कार्यस्थलमा खतराको पहिचान तथा जोखिम मूल्याङ्कन सम्बन्धी ४ दिने अभिवृद्धिमूलक प्रशिक्षण ....... १६
३.१.४ उद्योग वा प्रतिष्ठान कार्यरत श्रमिकहरुको लागि OSH सम्बन्धी ३ दिने सचेतनामलुक तालिम ....... १७
३.१.५ रोलिङ्ग मिलहरुमा कार्यरत श्रमिकहरुलाई OSH सम्बन्धी सचेतनामूलक तालिम ....... १८
३.१.६ सिमेन्ट उद्योगमा कार्यरत श्रमिकहरुको लागि OSH सम्बन्धी सचेतनामूलक तालिम ....... १९
३.१.७ ग्रिल र फेब्रिकेशन कार्यमा संलग्न श्रमिकहरुलाई OSH बचाउ सम्बन्धी अभिमुखिकरण तालिम ....... २०
३.१.८ निर्माण उद्योगमा काम गर्ने श्रमिकहरुका लागि OSH सम्बन्धी १ दिने सचेतनामूलक तालीम ....... २१
३.१.९ प्रतिष्ठानको सुरक्षा तथा स्वास्थ्य समितिका सदस्यहरुलाई OSH सम्बन्धी सशक्तिकरण तालिम ....... २२
३.१.१० अटोमोबाईल क्षेत्रमा कार्यरत श्रमिकहरुका लागि OSH सम्बन्धी २ दिने अभिवृद्धिमूलक प्रशिक्षण ....... २३
३.१.११ जलविद्युत क्षेत्रमा कार्यरत श्रमिकहरुलाई OSH सम्बन्धी प्रशिक्षण ....... २४
३.१.१२ उद्योग वा प्रतिष्ठानमा कार्यरत श्रमिकहरुको लागि आपतकालीन तयारी तथा प्राथमिक उपचार विषयक ३ दिने सचेतनामूलक तालिम ....... २५
३.१.१३ सरकारी कर्मचारीहरुलाई कार्यालयमा एर्गोनोमिक्स तथा सुरक्षित कार्य अभ्यास सम्बन्धी प्रशिक्षण ....... २६
३.१.१४ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी १ दिने जनचेतनामूलक आधारभूत तालिम ....... २७
३.१.१५ कार्यस्थलमा हानिकारक तत्वहरुको नमुना संकलन तथा विश्लेषण (OSH सम्बन्धी सुधारात्मक कार्य) ....... २८
३.१.१६ पाठ्यक्रम निर्माण र परिमार्जन ....... २९
३.१.१७ सरकारी कार्यालयमा OSH को अवस्था, अध्ययन, निरीक्षण तथा Audit गर्ने ....... २९
३.१.१८ प्रयोगशाला स्तरीकृत तथा ISO प्रमाणिकरणको लागि अध्ययन अनुसन्धान गर्ने ....... ३०
३.१.१९ राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सप्ताह ....... ३०
क) केन्द्रीयस्तरमा संचालन भएका कार्यक्रमहरुः- ....... ३१
ख) जिल्लास्तरमा संचालन भएका कार्यक्रमहरुः ....... ३४
३.२.१ व्यवसायजन्य सुरक्षा र स्वास्थ्य प्रवर्द्धन गर्ने किसिमको पोष्टर, पम्पलेट, प्रशिक्षण पुस्तिका आदि निर्माण एवं छपाईः ....... ३४
३.२.२ औषधि खरिदः ....... ३४
३.२ आ.व. २०८१/८२ को प्रगति अवस्थाः ....... ३५
पूँजीगत तर्फको कार्यक्रमः ....... ३५
चालुगत तर्फको कार्यक्रमः ....... ३५
३.३ आ.व.२०८०/०८१ र २०८१/०८२ को बजेट तथा प्रगतिको अवस्था ....... ३७

## खण्ड चार

### नेपालमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको अवस्था एवं केन्द्रको समस्याहरु

४.१ नेपालमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको अवस्था ....... ३९
दुर्घटना सम्बन्धी विवरण ....... ३९
४.२ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी केन्द्रका समस्याहरु ....... ४०

# खण्ड एक

# व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र

## १.१ पृष्ठभूमि

औद्योगिक क्रान्ति तथा व्यवसायहरुको विस्तार संगै रोजगारीको अवसरहरु सृजना हन्छ। यसले गर्दा मुलुक तथा जनताको आर्थिक प्रगति हुन्छ। तर औद्योगिक पदार्थ, उत्पादन प्रक्रिया, प्रविधि तथा उत्पादनमा अन्तरनिहित जोखिमले गर्दा औद्यौगिक संरचनाहरुको स्थापना सँगै असुरक्षित काम र कार्य वातावरणको पनि सृजना हुन पुग्छ। यस जोखिमले गर्दा एकातिर औद्यौगिक प्रतिष्ठानहरुको काममा एवं व्यवसायमा संलग्न मानिसहरु व्यवसायजन्य दुर्घटना पर्ने र व्यवसायजन्य रोग लाग्ने सम्भावना बढ्छ भने अर्कोतिर आम सर्वसाधारण मानिस र वातावरण पनि यसबाट प्रभावित हुन्छन्।

विश्वका करिव तीन अर्ब कामदारहरु मध्ये ८० प्रतिशत कामदार व्यवसायजन्य स्वास्थ्य सेवाको पहुँचमा छैनन्। अन्तराष्ट्रिय श्रम संगठन अनुसार प्रत्येक वर्ष कामसँग सम्बन्धित चोटपटक तथा रोगको कारण विश्वभरमा करिब २३ लाख मानिसले ज्यान गुमाउछन्। यसमध्ये करिब ३ लाख ५० हजार मानिसको दुर्घटनाको कारणले गर्दा मृत्यु हुने गरेको छ भने करिब १९ लाख ५० हजार मानिसको प्राणघातक व्यवसायजन्य रोग लागेर मृत्यु हुने गरेको छ। प्रत्येक वर्ष करिब ३ करोड १७ लाख कामदारहरु व्यवसायजन्य दुर्घटनामा पर्ने गरेका छन्। विश्वभरी प्रत्येक वर्ष करिब ३० करोड भन्दा बढी कार्यस्थलसँग सम्बन्धित दुर्घटना र करिब १६ करोड कार्यस्थल सम्बद्ध रोगका घटनाहरु हुने गरेका छन्। कृषि पेशामा नै हेर्ने हो भने प्रत्येक वर्ष २० लाख किसान किटनाशक औषधीबाट प्रभावित हुन्छन् जसमध्ये ४० हजारले ज्यान गुमाउँछन्।

नेपालको सन्दर्भमा व्यवसायजन्य दुर्घटना एवं व्यवसायजन्य रोग लागेको कामदारको संख्या र व्यवसायजन्य दुर्घटना एवं रोगको कारण प्रत्येक वर्ष मृत्यु हुने कामदारको सहि तथ्याङ्क छैन। कुन-कुन व्यवसायको कारणले गर्दा कस्ता कस्ता व्यवसायजन्य रोग लाग्न सक्छ, त्यसको निर्धारण नेपालमा गरिएको छैन। नेपालमा प्रत्येक वर्ष कार्यस्थलमा हजारौ कामदारहरु दुर्घटनामा पर्ने र सयौंले ज्यान गुमाउने अनुमान गरिएको छ। कार्यस्थलका यस्ता पेशागत रोग तथा दुर्घटनाले सम्बन्धित व्यक्तिको परिवार वा उद्योगलाई मात्रै क्षति पुर्‍याउँदैन, यसले सिंगो समाज तथा राष्ट्रकै लागि मानवीय तथा आर्थिक क्षति पुर्‍याउँछ। नेपालमा व्यवसायजन्य रोग लाग्नु एवं दुर्घटना हुनुको मुख्य कारण सम्बन्धित पक्षहरुले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यमा पर्याप्त ध्यान नदिनु हो।

नेपालका अधिकांश औद्यौगिक प्रतिष्ठानहरुमा काम तथा कार्यस्थलहरुलाई सुरक्षित तथा स्वस्थ बनाउने तर्फ पर्याप्त ध्यान दिईएको पाईदैन। कार्यस्थलको वातावरण स्वस्थ एवं सुरक्षित बनाउन कार्यस्थलमा रहेका यान्त्रिक खतरा, रसायनिक खतरा, धुँवा, धुलो, अत्याधिक गर्मी एवं ताप नियन्त्रण गर्न उपयुक्त उपाय अपनाउनु जरुरी हुन्छ भने उपयुक्त भेन्टिलेसन, उपयुक्त प्रकाश र मेशिनहरुका सम्पूर्ण घुम्ने पार्टपुर्जा एवं उपकरणहरुमा छेकवारको र कार्यस्थलमा सुरक्षा सम्बन्धी चित्रहरुका समुचित व्यवस्था गर्नुपर्छ। असुरक्षित क्रियाकलाप र असुरक्षित अवस्था कार्यस्थलमा हुने दुर्घटनाका मुख्य कारणहरु हुन। कार्यस्थलमा कामदारहरुले कामको प्रकृति अनुसार आचरण एवं व्यवहार नगर्नु असुरक्षित क्रियाकलाप अन्तर्गत पर्दछ। कार्यस्थलको वातावरण स्वस्थ एवं सुरक्षित बनाउन रोजगारदाताले उपयुक्त व्यवस्था नगर्नु भनेको असुरक्षित अवस्था भएको कार्यस्थलको सृजना गर्नु हो। तसर्थ असुरक्षित क्रियाकलापको नियन्त्रण गर्ने दायित्व सम्बन्धित कामदारको हो भने असुरक्षित अवस्थाको नियन्त्रण गर्ने दायित्व रोजगारदाताको हो। कार्यस्थलमा हुन सक्ने दुर्घटना एवं लाग्न सक्ने व्यवसायजन्य रोगको कारणले कामदारहरुका डर एवं मानसिक तनाव उत्पन्न हुने गर्छ जसले गर्दा उत्पादन र उत्पादकत्वमा ह्रास आउँछ। उपयुक्त प्रतिरक्षात्मक उपाय अपनाउने हो भने यस्ता अधिकांश व्यवसायजन्य दुर्घटना तथा रोगहरुको नियन्त्रण तथा न्यूनीकरण गर्न सकिन्छ। यस्ता प्रतिरोधात्मक

उपायहरुले कार्यस्थलमा कामदारहरुको स्वास्थ्य तथा सुरक्षाको प्रबर्द्धन गर्नुका साथै उत्पादन तथा उत्पादकत्वमा प्रत्यक्ष तथा अप्रत्यक्ष नकारात्मक प्रभाव पार्ने तत्वहरुको नियन्त्रण तथा न्यूनीकरण गर्नमा सहयोग गर्छ।

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको क्षेत्रमा जनचेतना अभिवृद्धि गर्ने, सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अध्ययन अनुसन्धान गर्ने र कार्यस्थलको वातावरण सुधार गर्ने व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी केन्द्रले राष्ट्रियस्तरमा काम गरिरहेको छ। केन्द्रले कार्यस्थलमा कामदारहरुको स्वास्थ्य तथा सुरक्षाको प्रवर्द्धन एवं सुनिश्चितताको अवधारणा विकासको क्षेत्रमा काम गरिरहेकोले यसले गर्दा उत्पादन एवं उत्पादकत्व वृद्धिमा प्रत्यक्ष एवं अप्रत्यक्ष सहयोग पुऱ्याईरहेको छ।

उद्योग व्यवासयले बृहत रोजगारीको अवसरको सृजना गर्दै राष्ट्रको आर्थिक समुन्नतिमा टेवा पुऱ्याईरहेका हुन्छन्। तर यिनै उद्योग प्रतिष्ठानमा कतिपय अवस्थामा असुरक्षित कार्य तथा असुरक्षित कार्यावस्थाको सृजना हुन गई प्रत्यक्ष रुपमा त्यही संलग्न मानिसहरु विविध औद्यौगिक दुर्घटना तथा व्यवसायजन्य रोगहरुको शिकार बन्नु परेको तथा ती कार्यस्थलबाट उत्पन्न विषाक्त प्रदुषणका कारण सामान्य जनसमुदाय समेत गम्भीर रुपमा प्रभावित भएका तथ्यहरु विद्यमान छन्।

देशको आर्थिक विकासको लागि औद्योगिकिकरण एक महत्वपूर्ण आधार-स्तम्भ हो । औद्योगिकरणको निरन्तरता र विकासको लागि उत्पादन र उत्पादकत्वमा क्रमशः वृद्धि हुनु नितान्त आवश्यक हुने र सुरक्षित कार्य र कार्यावस्था उत्पादन र उत्पादकत्व वृद्धिका समपुरक आधार हुन् । उद्योग प्रतिष्ठानहरुमा सुरक्षित कार्य तथा कार्यावस्थाको प्रवर्द्धन र संरक्षणलाई औद्योगिक व्यवसायको एक समपूरक आधारभूत पक्षको रुपमा विकसित गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी तत्कालिन श्री ५ को सरकारले २०५२ सालमा "व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आयोजना" को स्थापना गरेको र यस आयोजनालाई नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५।०३।३२ को निर्णयानुसार व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रको रुपमा रहने गरी २०७५ साल श्रावण १ गते देखि स्थायी संगठन संरचना स्वीकृत भएको हो ।केन्द्रको उद्देश्यमूलक कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्नका लागि आधारभूत पूर्वाधारहरु भवन, प्रयोगशाला, पुस्तकालय, तालिम कक्ष र प्रशिक्षण सामग्री तयार भै कार्यान्वयनमा आइसकेका छन् । व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धमा आधारभूत ज्ञानका लागि आवश्यक पुस्तक तथा प्रशिक्षण सामग्रीहरुको संग्रह सहितको एक पुस्तकालय रहेको छ । कार्यस्थल अनुगमन र नाप जाँचका लागि आवश्यक आधारभूत उपकरण सहितका तीन वटा प्रयोगशाला (रासायनिक, स्वास्थ्य र यान्त्रिक) रहेका छन् । प्रशिक्षण कार्यक्रम संचालनका लागि आवश्यक साधन सम्पन्न तालिम कक्ष सहितको आफ्नै भवन ललितपुर, सैंबुमा रहेको छ ।

## १.२ दृष्टि (Vision)

कुनै पनि व्यवसायमा संलग्न कामदारहरुका शारीरिक, मानसिक र सामाजिक सुरक्षा तथा शारीरिक सुरक्षाको संरक्षण र प्रवर्द्धन लागि सुरक्षा तथा स्वास्थ्य सम्बन्धी संस्कारगत विकास गर्दै उद्योग प्रतिष्ठानहरुको कार्यस्थल सुधारको हरसम्भव उपायहरुको उपयोगका लागि यस कार्यालयलाई एक सक्षम तथा श्रोत र साधन सम्पन्न केन्द्रको रुपमा स्थापित गर्ने।

## १.३ ध्येय (Mission)

कार्यस्थलमा कामदारहरुको सुरक्षा तथा स्वास्थ्यको संरक्षण र प्रवर्द्धन तथा औद्यौगिक उत्पादकत्वमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सकारात्मक असर पार्ने कार्यस्थलसँग सम्बन्धित मुद्दाहरु, व्यवसायजन्य दुर्घटना र रोगहरुको रोकथाम, नियन्त्रण र

न्यूनीकरणका लागि आवश्यक नीतिगत तथा संस्थागत त्रिपक्षिय संयन्त्रको विकास तथा त्यसको प्रभावकारी संचालनका लागि आधारभूत पूर्वाधारहरु तयार गर्ने तथा सोको लागि आवश्यक त्रिपक्षिय सहयोग र समन्वय स्थापित गर्ने।

## १.४ उद्देश्य (Objective)

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको दृष्टिले कार्यस्थल र कार्य वातावरणको सुधारको लागि कानूनी प्रावधानको कार्यान्वयन एक पक्ष हो भने आवश्यक सुधारका लागि सल्लाह र परामर्श सेवा अर्को महत्वपूर्ण पक्ष हो। कामदार कर्मचारीहरुको स्वास्थ्य तथा सुरक्षाको संरक्षण र प्रवर्द्धनलाई एक निरन्तर प्रक्रियाको रुपमा अगाडी बढाउनका लागि यस सम्बन्धमा सल्लाह र परामर्श सेवा नितान्त आवश्यक हुने कुरा महसुश भई त्यस तर्फ यस केन्द्रको निम्न मूलभूत उद्देश्य रहेका छन्।

१) कार्यस्थलमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको प्रवर्द्धनका लागि आवश्यक ऐन, कानून, अभ्यास सहित मार्ग दर्शन तथा मापदण्डको तर्जुमा गर्ने।

२) कार्यस्थल सुधारका कानूनी प्रावधानहरुको कार्यान्वयनको लागि नियमित र व्यवस्थित रुपमा कार्यस्थल निरीक्षण तथा अनुगमनमा सहयोग गर्ने।

३) कार्यस्थलमा कामदारहरुको स्वास्थ्य तथा सुरक्षाको संरक्षण र प्रवर्द्धनका लागि नियमित र व्यवस्थित रुपमा कार्यस्थल अनुगमन गर्ने तथा सुधारका सम्भव विकल्पहरु बारेमा आवश्यक परामर्श सेवा उपलब्ध गराउने।

४) कार्यस्थलमा कामदारहरुको स्वास्थ्य तथा सुरक्षाको संरक्षण र प्रवर्द्धनका लागि सम्पूर्ण श्रोत र जानकारी सम्पन्न केन्द्रको रुपमा स्थापित गर्ने र आवश्यक जानकारी प्रवाहको उचित संयन्त्र स्थापित गर्ने।

५) कार्यस्थलका कामदारहरुको स्वास्थ्य तथा सुरक्षाको संरक्षण तथा प्रवर्द्धनका लागि सम्बन्धित सबै पक्षलाई आवश्यक तालिम तथा प्रशिक्षणको श्रोत केन्द्रको रुपमा स्थापित गर्ने।

## १.५ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य

हरेक राष्ट्रको आर्थिक विकासको लागि औद्यौगिकिकरण महत्वपूर्ण हुन्छ। उद्योग व्यवसायले रोजगारीको अवसर सृजना गर्नुको साथै देशलाई आर्थिक रुपले समुन्नत बनाउँछ तर उद्योगमा रहेका मेशिन, औजार र उत्पादन प्रक्रियामा उद्योगबाट निस्किने धुँवा, धुलो र रसायनिक विषालु पदार्थ, ध्वनी, ताप आदीले कार्यरत कामदार कर्मचारीहरुलाई शारिरीक एवं मानसिक विकासमा नकारात्मक प्रभाव पार्नुको साथै विविध औद्यौगिक दुर्घटना तथा व्यवसायजन्य रोगहरुलाई पनि यसले निम्त्याई रहेको हुन्छ। धुँवा, धुलो र रसायनिक विषालु पदार्थ, ध्वनी, ताप आदीले गर्दा कामदारहरुलाई स्वास्थ्यमा प्रतिकुल प्रभाव पार्नुको साथै यसले उत्पादकत्वमा नकारात्मक प्रभाव पर्न गई उत्पादकत्व वृद्धिमा अवरोध सृजना गर्दछ।

उत्पादन प्रक्रियामा उद्योगबाट निस्किने धुँवा, धुलो र रसायनिक विषालु पदार्थ, ध्वनी, ताप आदीले त्यहा कार्यरत कामदार कर्मचारीहरुको स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्न नदिई व्यवसायजन्य रोग हुनबाट बचाउन र उद्योगमा रहेको मेशिन औजारबाट हुनसक्ने दुर्घटनाबाट त्यहा कार्यरत कामदारहरुलाई बचाउन गरिएको व्यवस्था नै व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य हो।

संसारका कुनै पेशा वा व्यवसाय छैन जसमा जोखिम हुदैन फरक यति मात्र हो कुनै पेशा वा व्यवसायमा धेरै जोखिम र कुनैमा कम जोखिम हुने गर्छ।

अर्को अर्थमा "पेशा वा व्यवसायमा रहेको जोखिमबाट कामदार कर्मचारीहरुलाई दुर्घटना एवं व्यवसायजन्य रोगबाट बचाउन गरिएको उपाय वा व्यवस्था" नै व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य हो। कामदारहरुको शारीरिक एवं मानसिक अवस्थामा नकारात्मक प्रभाव नहुनु, व्यवसायजन्य रोग नहुनु एवं दुर्घटना नहुनु असल व्यवसायजन्य स्वास्थ्य सुरक्षाको मापदण्ड हो।

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी व्यवस्था राम्रो छ, छैन भन्ने कुराको मापन गर्ने सुचांक (Indicator) निम्न अनुसार रहेका छन।

- व्यवसायजन्य दुर्घटनाको संख्या,
- व्यवसायजन्य रोग लागेको कामदारको संख्या।

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको उद्देश्य "No Deterioration in the health of the workers at the end of their service period as compared to start of their service, except for changes that normally occur due to aging" रहेको छ।


नेपालको लागि भने व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको अवधारणा विल्कुलै नयाँ भएकोले यस क्षेत्रमा धेरै नै काम गर्नुपर्ने आवश्यकता रहेको छ।

## १.६ संस्थाको संरचना

### १.६.१ भौतिक पूर्वाधार

केन्द्रको उद्देश्यमूलक कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्नका लागि आधारभूत पूर्वाधारहरु भवन, प्रयोगशाला, तालिम कक्ष र प्रशिक्षण सामग्री तयार भै कार्यान्वयमा आइसकेका छन्। व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धमा आधारभूत ज्ञानका लाग आवश्यक पुस्तक तथा प्रशिक्षण सामग्रीहरुको संग्रह सहितको एक पुस्तकालय रहेको छ। कार्यस्थल अनुगमन र नाप जाँचका लागि आवश्यक आधारभूत उपकरण सहितका तीनवटा प्रयोशाला (रासायनिक, स्वास्थ्य र यान्त्रिक) रहेका छन्। प्रशिक्षण कार्यक्रम संचालनका लागि आवश्यक साधन सम्पन्न तालिम कक्ष समेत रहेको ३३ कोठा भएको आफ्नै भवन ललितपुर, सैंबुमा रहेको छ।






<u>यान्त्रिक प्रयोगशाला</u>





<u>रसायनिक प्रयोगशाला</u>




<u>स्वास्थ्य प्रयोगशाला</u>

## १.६.२ सांगठनिक संरचना




## १.७ केन्द्रबाट सम्पादन गरिने मुख्य-मुख्य कार्यहरु

सुरक्षा तथा स्वास्थ्यका दृष्टिले देशका विभिन्न उद्योग प्रतिष्ठानहरुका विद्यमान खतराका श्रोतहरुको पहिचान र त्यस्ता खतराका कारण कामदारहरुको स्वास्थ्यमा पर्न सक्ने सम्भावित प्रतिकूल असरको रोकथाम तथा नियन्त्रणका लागि अपनाउन सकिने उपयुक्त उपायहरुको पहिचान तथा ती उपायहरुका बारेमा सम्बन्धित उद्योग प्रतिष्ठानहरुलाई आवश्यक सल्लाह तथा सुझाव दिने केन्द्रको मूलभूत उद्देश्य अनुरुप केन्द्रले आफ्नो स्थापना कालदेखि नै कार्यस्थल अनुगमन, सल्लाह तथा परामर्श सेवा, जनचेतना अभिवृद्धि, तालिम तथा प्रशिक्षण कार्यहरु गर्दै आइरहेको छ।

## १.७.१ तालिम तथा गोष्ठि

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य एवं कार्यस्थल सुधार सम्बन्धमा आधारभूत तथा व्यवहारिक ज्ञान र जानकारी सम्प्रेषण गर्ने उद्देश्यले यस विषयमा आधारभूत प्रशिक्षण कार्यक्रम संचालन हुँदै आएको छ। व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य एवं कार्यस्थल सुधारका क्षेत्रमा प्रवेशद्धारका रुपमा यि प्रशिक्षण कार्यक्रमलाई स्थापित गरिएको छ। यस प्रकारका प्रशिक्षण कार्यक्रमका तीन लक्षित समूह रहेको छ।

१. कामदार/कर्मचारी
२. प्रवन्धक/व्यवस्थापक
३. सरकारी कर्मचारी

## १.७.२ सरोकारवालहरुको समन्वय विकास

व्यवस्थापक र ट्रेड युनियनहरुलाई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धमा आवश्यक चेतना र दक्षता प्रदान गर्ने तथा उनीहरुको संस्थागत विकासका लागि देहाय अनुसारको क्रियाकलाप गर्ने गरिएको छ।

१. विभिन्न किसिमका तालिम तथा प्रशिक्षण उपलब्ध गराउने र
२. कार्यस्थल सुधारका लागि कार्यस्थल सुरक्षा नीति निर्माण र कार्यान्वयन (व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समिति निर्माण) सम्बन्धी प्रशिक्षण, प्राविधिक सल्लाह आदि उपलब्ध गराउने।

## १.७.३ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम

### क) राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सप्ताह

**World day for safety and health at workplace, 28 April** र **International labour day May 1** लाई लक्षित गरी व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी राष्ट्रव्यापी रुपले जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न संघ संस्थाहरु, उद्योग वाणिज्य संघ/महासंघ, ट्रेड युनियन संघ/महासंघहरु, घरेलु तथा साना उद्योग संघ/महासंघहरु लगायत सम्बन्धित सरकारी निकायसंग समन्वय गरी वि.सं. २०५७ साल देखि "व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सप्ताह "मनाउने कार्यको शुरुवात भएको हो। सो सप्ताह हरेक वर्ष मनाउदै आइरहेको छ। उक्त राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सप्ताहका मुख्य मुख्य रचनात्मक कार्यक्रमहरु

- चेतनामूलक सामग्री (विभिन्न चेतनामूलक सन्देश, चिन्ह अंकित पोष्टर, व्यानर, प्ले कार्ड, स्टिकर आदि) वितरण गर्ने।
- अन्तरक्रिया गोष्ठी तथा कार्यशाला गोष्ठी जस्ता कार्यक्रमहरु संचालन गर्ने।
- विभिन्न उद्योग प्रतिष्ठानहरुमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको निरन्तर प्रवर्द्धनका लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समिति गठनको समूहगत प्रयास गरी गठन गर्ने।

### ख) चेतनामूलक सामग्री निर्माण

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धिको कार्यलाई व्यापक बनाउनका लागि यस केन्द्रले यस सम्बन्धी विभिन्न किसिमका चेतनामूलक सामग्रीहरु तयार गरी निःशुल्क वितरण गर्दै आईरहेको छ। यस्ता वितरणका सामग्रीहरु खासगरी पोस्टर, स्टिकर, टोपी, प्लेकार्ड आदि रहेका छन्। यसका साथै भिडियो र स्लाईड जस्ता श्रव्य दृश्य सामग्रीको निर्माण तथा प्रदर्शन पनि गर्दै आईरहेको छ।

## १.७.४ कार्यस्थल अनुगमन र परामर्श सेवा

उद्योग प्रतिष्ठानहरुमा संलग्न कामदार कर्मचारीहरुको स्वास्थ्य सुरक्षाको संरक्षण एवं प्रवर्द्धनका लागि कार्यस्थल सुधारलाई बढावा दिन तथा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको दृष्टिले खतरनाक विभिन्न पदार्थहरुका सम्बन्धमा आवश्यक मापदण्ड निर्धारणका लागि आधारभूत तथ्याङ्क खडा गर्न उद्देश्यले हरेक वर्ष कार्यस्थल अनुगमनको कार्यक्रम संचालित हुँदै आएको छ। उक्त कार्यको लागि विभिन्न उद्योग प्रतिष्ठान वा कार्यस्थलको छनौट गरी त्यही विद्यमान खतराका विभिन्न श्रोतहरु (ध्वनी, प्रकाश, ताप, धुँवा, धुलो, ग्यास आदी) को नमूना संकलन, नाप जाँच तथा विश्लेषणबाट आएको नतिजाको आधारमा कार्यस्थल

सुधारका लाग सम्भाव्य (सरल र सहज) विकल्पहरु समाविष्ट गरी सिफारिश सहितको प्रतिवेदन सम्बन्धित उद्योग प्रतिष्ठान र श्रम कार्यालयलाई उपलब्ध गराउदै आएको छ।

### १.७.५ प्रशिक्षण सामग्री

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आधारभूत प्रशिक्षण कार्यक्रमहरु यस क्षेत्रमा कार्यरत जो कोहीले पनि संचालन गर्न सकुन् र यसको गुणात्मक वृद्धि हुँदै जाओस् भन्ने उद्देश्यले यस केन्द्रले यस क्षेत्रसँग सम्बन्धित व्यक्तिहरुलाई प्रशिक्षण दिई प्रशिक्षक तयार गरी निजहरुलाई प्रशिक्षण कार्यक्रम संचालन गर्न सहयोग पुगोस भनी प्रशिक्षकहरुका लागि प्रशिक्षण सामग्रीहरुको निःशुल्क वितरण गर्दै आएको छ।

### १.७.६ अध्ययन अनुसन्धान

केन्द्रले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अध्ययन अनुसन्धान कार्य गर्दै आएको छ। यस अन्तर्गत एकै प्रकृतिका उद्योगहरुको कार्यस्थलमा भएको जोखिमहरुको पहिचान गरी सो जोखिमहरुलाई हटाउने वा हटाउन नसक्ने अवस्था भएका न्यूनीकरण गर्ने उपायहरुको पहिचान गरी सम्बन्धित उद्योगहरुलाई उपलब्ध गराउने गरिएको छ। यस कार्यले सम्बन्धित उद्योग प्रतिष्ठानहरुलाई कार्यस्थलको वातावरण स्वस्थ्य एवं सुरक्षित बनाउन सहयोग पुग्ने गरेको छ। उद्योग प्रतिष्ठानहरुमा भई रहेको व्यवसायजन्य दुर्घटनाका कारणहरु (असुरक्षित अवस्था र असुरक्षित क्रियाकलाप) पत्ता लगाई भविष्यमा त्यस्ता दुर्घटना नहोस् भनी रोकथामका लागि उपयुक्त उपायहरुको पहिचान गरी उद्योग प्रतिष्ठानहरुलाई उपलब्ध गराउने कार्य केन्द्रले गर्दै आएको छ।

### १.७.७ राष्ट्रिय अभिलेख

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको दृष्टिले खतरनाक विभिन्न पदार्थहरुका सम्बन्धमा राष्ट्रिय मापदण्ड निर्धारणका लागि आधारभूत तथ्याङ्क खडा गर्न विभिन्न कार्यस्थल अनुगमन र नाप जाँचबाट आएका तथ्याङ्कहरुको अद्यावधिकका अभिलेख राखिदै आएको छ। यस्ता अभिलेखहरुमा विभिन्न उद्योगहरुसँग सम्बन्धित तथ्याङ्क, सम्बन्धित कार्यस्थलमा विद्यमान ध्वनी, प्रकाश, ताप, धुँवा, धुलो, ग्याँस आदिको मापन लगायत विभिन्न रासायनिक पदार्थहरुको तथ्याङ्क तथा जानकारी पत्रहरु समाविष्ट छन्।

## १.८ नेपालमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी विद्यमान नीति, नियमहरुः

- राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६
- श्रम ऐन, २०७४ को परिच्छेद-१२, दफा ६८ देखि ८३ सम्म तथा परिच्छेद-१३ विशेष प्रकृतिको उद्योग वा सेवा सम्बन्धी व्यवस्था
- श्रम नियमावली, २०७५ को परिच्छेद-७, नियम ३४ देखि ५३ सम्म
- कार्यस्थलमा अधिकतम ध्वनीको (स्तर) मापदण्ड, २०७३
- कार्यस्थलमा अधिकतम प्रकाशको (स्तर) मापदण्ड, २०७३
- ईट्टा उद्योगमा काम गर्ने श्रमिकहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी निर्देशिका, २०७४

## १.९ कार्यस्थलमा अधिकतम प्रकाशको (स्तर) मापदण्ड, २०७३

प्रकाशको मापदण्ड

| क.सं. | विशेष प्रकारका कार्य प्रकृतिहरु | न्यूनतम प्रकाशनको स्तर Lux मा |
|---|---|---|
| १ | आकस्मिक निकास तथा निकासका बाटाहरु | १० |
| २ | निष्क्रिय भण्डारण, भण्डारण स्थलहरु, मुख्य प्रवेश र निकासद्वार | २० |
| ३ | अव्यवस्तिथ भण्डारण स्थल, गोदाम, हिड्ने बाटाहरु, सिढीहरु, कम्प्रेसर हाउस, भारी र ठूला-ठूला सामानहरु राखिने गोदाम, खुल्ला कार्यस्थलहरु, बेस्मेन्ट, इन्जिन र व्वाइलर कोठा, मानव तथा सामान ढुवानी गर्ने लिफ्ट, कन्वेयर, क्रेटिङ, बाकसबाट ढुवानी हुने शाखाहरु, विशिष्ट तथा मझौला खालका सामान राख्ने गोदाम घर, लकर कोठा, शौचालय र प्रसाधान कक्षहरु । | ५० |
| ४ | लेभल लगाउने कार्य, कन्ट्रोल कोठाको प्रकाश, अर्ध तयारी फलाम तथा स्टील उत्पादन हुने कार्यस्थल, अन्न पिध्ने कार्यस्थल, खोल्ने, कार्डिङ, ड्राइङ्ग, स्टविङ, साधारण स्पिनिङ कार्यहरु र यान्त्रिक कार्यहरु । | १०० |
| ५ | साधारण जोड्ने कार्य, नियमित टेबलमा हुने कार्यहरु, ग्राइन्डिङ कार्य, साधारण निरिक्षण कार्य, साधारण खोल हाल्ने, बन्द गर्ने र मध्यम कठिनाई भएका जोडिने कार्य तथा निरिक्षण कार्यहरु, परीक्षण तथा छानिने कार्यहरु, मर्मतसंभार कार्य हुने क्षेत्रहरु, मध्यम प्रकारका टेबलमा हुने कार्यहरु, मेसिन कन्ट्रोल गर्ने विद्युतीय बोर्डहरु, उत्पादित सामाग्रीहरुको निरीक्षण तथा परीक्षण कार्यहरु, काठ ताछने तथा भिनियर बनाउने कार्यहरु, हल्का प्रकृतिका कपडा तथा छालाका सामानहरु सिलाई गर्ने कार्य, हल्का धागो बुन्ने, वार्पिङ र राम्रो स्पिनिङ गर्नु पर्ने कार्यहरु, वेल्डिङ, रिवेटिङ, ड्रीलिङ किताब बनाउन मोडिने र बाँध्ने कार्यहरु, गहुँको गुणस्तर मापन कार्य वा हल्का रङ्गका ऊनका सामान बुन्ने कार्य । | ३०० |
| ६ | कठिन प्रकृतिको निरीक्षण तथा जोड्नुपर्ने कार्यहरु, कलर कोडिङ्ग, कागज उत्पादन ( निरीक्षण र रिवाइन्डिङ्ग) कार्य, फिनिसिङ्ग कार्यहरु, राम्ररी गर्नुपर्ने जोडिने कार्यहरु, टेवल तथा यान्त्रिक कार्य, निरिक्षण, सिसाका कुनाहरु मिलाउने र टल्काउने/चम्काउने कार्यहरु, ध्यान दिएर राम्ररी गर्नुपर्ने काठमा कार्यहरु र कडा रङ्गका ऊनका सामाग्रीहरु बुन्ने कार्यहरु । | ५०० |
| ७ | उत्कृष्ट रुपमा जोड्नु पर्ने, निरीक्षण कार्यहरु, राम्रा र विशिष्ट इन्सटुमेन्टहरुको परीक्षण कार्य, गरगहना तथा घडी उत्पादन कार्यहरु, कडा रङ्गका कपडाका सामाग्रीहरु सिलाई गर्ने तथा स्तरमापन गर्ने कार्यहरु, अन्तिम रङ्गाउने कार्यहरु, छपाई कार्यमा गर्नुपर्ने प्रुफ रिडिङ तथा अन्तिम मिलाउने कार्यहरु । | १०० |

## १.१० कार्यस्थलमा अधिकतम ध्वनीको (स्तर) मापदण्ड, २०७३

*क) लगातार रुपमा निस्किने ध्वनी (For Continuous Noise)*

| प्रभावित हुने कुल समय, प्रतिदिन घण्टामा | ध्वनीको स्तर, dBA मा |
|---|---|
| ८ घण्टा | ९० |
| ४ घण्टा | ९५ |
| २ घण्टा | १०० |

| | |
|---|---|
| १ घण्टा | १०५ |
| ३० मिनेट | ११० |
| १५ मिनेट | ११५ |
| **११५ dBA भन्दा अधिक ध्वनीमा श्रमिकलाई काम गर्न नलगाएको/रोकेको** | |

*ख) पटके ध्वनीको लागि (For Impact Noise)*

| प्रभावित हुने कुल पटक प्रतिदिन **(No. of Impact Per Day)** | ध्वनीको स्तर, **dB** मा |
|---|---|
| १०० | १४० |
| ३१५ | १३५ |
| १००० | १३० |
| ३१६० | १२५ |
| १०००० | १२० |
| १४० dB भन्दा अधिक ध्वनीमा श्रमिकलाई काम गर्न नलगाएको/रोकेको | |

# खण्ड दुई

## आर्थिक वर्ष २०८१/८२ को लागि स्वीकृत कार्यक्रम तथा बजेट

कूल वार्षिक बजेटः रु.२,५९,४४,०००।- पूँजीगतः रु. ११,४०,०००।- चालु कार्यक्रमः रु.२,४८,०४,०००।-
चालु उपभोग तथा कार्यालय संचालन एवं सेवा (कार्यक्रम बाहेक) को लागिः रु.१,६८,९५,०००।-

### २.१ पूँजीगत तर्फको कार्यक्रमः-

रु. हजारमा


| क्र.सं. | कार्यक्रम र क्रियाकलाप | ईकाइ/प्याकेज (वटा) | बजेट रु. (हजारमा) |
|---|---|---|---|
| १ | मेशिनरी औजार | ५ | ४४० |
| २ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १ | २०० |
| ३ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १ | ५०० |
| **कुल जम्मा** | | ७ | ११४० |

### २.२ चालुगत तर्फको कार्यक्रमः-

रु. हजारमा

| क्र.सं. | कार्यक्रम र क्रियाकलाप | ईकाइ/प्याकेज (वटा) | बजेट |
|---|---|---|---|
| १ | उद्योग वा प्रतिष्ठानमा कार्यरत श्रमिकहरुको लागि आपतकालिन तयारी तथा प्राथमिक उपचार विषयक ३ दिने सचेतनामूलक तालिम | २ | ४५० |
| २ | उद्योग वा प्रतिष्ठान कार्रयत श्रमिकहरुको लागि व्यवसायजन्य सुरुक्षा तथा स्वास्थ्य सम्बन्धी ३ दिने सचेतनामलुक तालीम | २ | ४५० |
| ३ | व्यवसायजन्य सुरक्षा र स्वास्थ्य प्रवर्धन गर्ने किसिमको पोस्टर, पम्पलेट, प्रशिक्षण पुस्तिका आदी निर्माण एवं छपाई | १ | १३३ |
| ४ | श्रव्य दृष्य सामाग्री निर्माण (व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य, व्यक्तिगत सुरक्षा साधान र कार्यस्थलमा प्राथामिक उपचार) | १ | २०० |
| ५ | पाठ्यक्रम निर्माण र परिमार्जन | २ | २६७ |
| ६ | प्रयोगशाला स्तरीकृत तथा ISO प्रमाणिकरणको लागि अध्ययन अनुसन्धान गर्ने | १ | ३०० |
| ७ | सरकारी कार्यालयमा OSH को अवस्था अध्ययन, निरिक्षण तथा अडिट गर्ने | २ | ३०० |
| ८ | रोलिङ्ग मिलहरुमा कार्रयत श्रमिकहरुलाई OSH सम्बन्धी सचेतनामूलक तार्लम | १ | २२० |
| ९ | सिमेन्ट उद्योगमा कार्रयत श्रमिकहरुको लागि OSH सम्बन्धी सचेतनामूलक तालिम | २ | ४०० |
| १० | ग्रिल र फेव्रकेशन कार्यमा संलग्न श्रमिकहरुलाई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य बचाउ सम्बन्धि अभिमूखिकरण तालिम | १ | २२५ |
| ११ | व्यवसायजन्य सुरुक्षा तथा स्वास्थ्य सम्बन्धी दक्षता अभिवृद्धिमूलक १४ दिने प्रशिक्षण | २ | १००० |
| १२ | OSH फोकल पोवाईन्ट संगको अन्तरकृया कार्यक्रम १ दिने (OSH सम्बन्धी समन्वयात्मक कार्यक्रम) | १ | २०० |

| | | | |
|---|---|---|---|
| १३ | कार्यस्थलमा खतराको पहिचान तथा जोखिम मूल्याङ्कन सम्बन्धी ४ दिने अभिवृद्धिमूलक प्रशिक्षण | २ | ४०० |
| १४ | कार्यस्थलमा हानिकारक तत्वको नमुना संकलन तथा विश्लेषण (OSH सम्बन्धी सधुारात्मक कार्य) | ४५ | ४०५ |
| १५ | प्रेसर र भेसल तथा ब्वायलर सुरक्षा सम्बन्धी ७ दिने दक्षता अभिवृद्धिमूलक प्रशिक्षण | २ | ५५० |
| १६ | निर्माण उद्योगमा काम गर्ने श्रमिकहरुका लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी १ दिने सचेतनामूलक तालीम । | २ | २३० |
| १७ | औषधी खरिद | १ | ७५ |
| १८ | प्रतिष्ठानको सुरक्षा तथा स्वास्थ्य समितिका सदस्यहरुलाई OSH सम्बन्धी सिक्तिकरण तालीम | २ | २५० |
| १९ | जलविद्युत क्षेत्रमा कार्यरत श्रमिकहरुलाई व्यवसायजन्य सुरक्षा सम्बन्धि प्रशिक्षण | २ | २५० |
| २० | सरसफाई कर्मीहरुका लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य बचाउ सम्बन्धि १ दिने अभिमुखिकरण तालिम | १ | १२५ |
| २१ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सप्ताह केन्द्रिय तह मनाउने | १ | २०० |
| २२ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी १ दिने सचेतनामूलक आधारभूत तालिम | ५ | ६२५ |
| २३ | अटोमोबाईल क्षेत्रमा कार्यरत श्रमिकहरुका लागि व्यवसयाजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी २ दिने अभिवृद्धिमूलक प्रशिक्षण | २ | ४०० |
| २४ | सरकारी कर्मचारीहरुलाई कार्यालयमा एग्रोनोमिक्स तथा सुरक्षित कार्य अभ्यास सम्बन्धि प्रशिक्षण | १ | १२५ |
| २५ | कर्मचारीको उत्प्रेरणा तथा क्षमता अभिवृधिमूलक कार्यक्रम | १ | १२९ |
| **जम्मा** | | | ७९०९ |



# खण्ड तीन

# आर्थिक वर्ष २०८१/८२ मा संचालित कार्यक्रम तथा प्रगतिको अवस्था

## ३.१ आ.व. २०८१/८२ मा संचालित कार्यक्रमहरु

यस केन्द्रले त्रिपक्षीय (सरकार, रोजगारदाता र श्रमिक) सहकार्यबाट व्यवसायजन्य सुरषा तथा स्वास्थ्यको प्रभावकारी प्रवर्द्धन हुने विश्वास लिएको छ। कार्यक्रमलाई अझ प्रभावकारी बनाउनका लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका सबै कार्यक्रम एवं क्रियाकलापहरु सहभागितामूलक प्रक्रियाबाट सम्पन्न गरिएको छ। केन्द्रले कार्यक्रमहरु संचालन गर्नु भन्दा पहिला परामर्श बैठक गरेको थियो जसमा समाजिक संस्था, ट्रेड युनियन, रोजगारदाता तथा अन्य सरकारी निकायहरुको सहभागिता रहेको थियो। सो बैठकले छलफल गरी कार्यक्रमको कार्य तालिका, लक्षित समूह, समय अवधि र हरेक क्रियाकलापको सहभागीको संख्या एवं योग्यता निर्धारण गर्नुको साथै अन्य आवश्यक सहयोग र संयोजनको लागि प्रतिवद्धता गरेका थिए। सबै सहभागीहरुलाई उनीहरुको पृष्ठपोषण र सुझावको लागि कार्यक्रमबाट अपेक्षित मुख्य मुख्य उपलब्धीहरु पठाईएको थियो।

### ३.१.१ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी दक्षता अभिवृद्धिमूलक १४ दिने प्रशिक्षण

व्यवसायजन्य सुरुक्षा तथा स्वास्थ्य सम्बन्धी दक्षता अभिवृद्धिमूलक १४ दिने प्रशिक्षणमा २५ जना सहभागी राख्ने, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी ४८ विषयहरु पढाउने र २ वटा तालिम केन्द्रको तालिम हलमा संचालन गर्ने लक्ष्य निर्धारण गरिएको थियो। यस तालिमका लागि सहभागीहरुको न्यूनतम शैक्षिक योग्यता Intermediate हुनुपर्ने निर्धारण गरिएको थियो। यो तालिमको अवधि १४ कार्य दिन निर्धारण गरिएको थियो। १४ दिने मध्ये १२ दिने सैद्धान्तिक (Theoretical) ज्ञानको लागि कार्यपत्र प्रस्तुत सम्बन्धी विषयका विज्ञबाट गराउने र २ दिन व्यवहारिक (Practical) ज्ञानको लागि उद्योग भ्रमण गराउने कार्यक्रम रहेको थियो। यो तालिमको उद्देश्यहरु निम्न अनुसार रहेको थियो।

- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अवधारणाको बारेमा जानकारी प्रशिक्षार्थीहरुलाई दिने।
- आफ्नो कार्यस्थलमा रहेको खतराका श्रोत एवं जोखिमहरुको पहिचान गर्न सक्ने ज्ञान एवं सीप प्रशिक्षार्थीहरुले हासिल गर्नेछ।
- कार्यस्थलमा हुने दुर्घटनाका कारणहरु र रोकथामका उपायाहरु बारे ज्ञान एवं सीप प्रशिक्षार्थीहरुले हासिल गर्नेछ।
- कार्यस्थलमा हुने दुर्घटनाको अनुसन्धान गर्न सक्ने ज्ञान एवं सीप प्रशिक्षार्थीहरुले हासिल गर्नेछ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको अवस्था राम्रो भएमा यसले उत्पादकत्व वृद्धि गर्ने सम्बनधमा प्रशिक्षार्थीहरुले जानकारी पाउनेछन।
- कार्यस्थलमा रहेको खतरा एवं जोखिम हटाई कार्यस्थल वातावरण सुधार गरेमा उत्पादकत्व वृद्धि हुने भएकोले कामदार कर्मचारीहरुले व्यवस्थापकलाई कार्यस्थल वातावरण सुधार गर्न अभिप्रेरित गर्नेछ।
- प्रशिक्षार्थीहरुले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी चेतनामूलक तालिम संचालन गर्न र प्रशिक्षकको रुपमा कार्यपत्र प्रस्तुत गर्न सक्ने दक्षता हासिल गर्नेछ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सम्पूर्ण क्रियाकलाप संचालनको लागि आफ्नो प्रतिष्ठानमा छुट्टै व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विभाग वा ईकाइ गठन गर्न सहयोग गर्ने।

व्यवसायजन्य सुरुक्षा तथा स्वास्थ्य सम्बन्धी दक्षता अभिवृद्धिमूलक १४ दिने प्रशिक्षणमा पहिलो तालिम मिति २०८१।११।०५ गतेदखि १८ गतेसम्म केन्द्रको तालिम हलमा संचालन भएको थियो। उक्त तालिममा विभिन्न उद्योग तथा प्रतिष्ठानहरुबाट सहभागी भएका थिए। प्रशिक्षार्थीहरुले उद्योग भ्रमण पश्चात उद्योगमा व्यवसायजन्य सुरुक्षा तथा स्वास्थ्य सम्बन्धी बारेमा कक्षा कोठामा समूहगतरुपमा प्रस्तुत गरेका थिए। यस तालिममा जम्मा २६ जना सहभागी भएका थिए।



**उपलब्धिः-** व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धिमूलक १४ दिने संचालित १ वटा कार्यक्रमबाट २६ जना प्रशिक्षित भएका थिए। प्रशिक्षार्थीहरुले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य व्यवस्थापन सम्बन्धी ज्ञान एवं सीप हासिल गरेका छन्। २८ जना प्रशिक्षार्थीहरुमध्ये ७ जना महिला र २१ जना पुरुष रहेका थिए। यो तालिम कार्यक्रमको उपलब्धिहरु देहाय अनुसार रहेका छन्।

- प्रशिक्षार्थीहरुले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको महत्व र आवश्यकता बारे जानकारी प्राप्त गरे।
- प्रशिक्षार्थीहरुले आफ्नो कार्यस्थलमा रहेको खतराका श्रोत एवं जोखिमहरुको पहिचान गर्न सक्ने, कार्यस्थलमा हुने दुर्घटनाका कारणहरु र रोकथामका उपायहरु सम्बन्धी ज्ञान प्राप्त गरेको, जसले गर्दा कार्यस्थलमा हुने दुर्घटना हुन नदिन एवं दुर्घटना न्यूनीकरण गर्नमा प्रशिक्षार्थीहरुले सहयोग गर्नेछन्।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको अवस्था राम्रो भएमा यसले उत्पादकत्व वृद्धि गर्ने सम्बन्धमा प्रशिक्षार्थीहरुले ज्ञान प्राप्त गरेको, जसले गर्दा प्रशिक्षित कामदार कर्मचारीहरुले व्यवस्थापकलाई कार्यस्थल वातावरण सुधार गर्न अभिप्रेरित गर्ने छन्।
- कार्यस्थलमा भएको दुर्घटनाको अनुसन्धान गर्न सक्ने ज्ञान एवं सीप प्रशिक्षार्थीहरुले हालिस गरेको।
- प्रशिक्षार्थीहरुले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सम्पूर्ण क्रियाकलाप संचालनको लागि आफ्नो प्रतिष्ठानमा छुट्टै व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विभाग वा ईकाइको गठन गर्न व्यवस्थापनलाई अभिप्रेरित गरी कार्यस्थल वातावरण सुधार गरी उत्पादकत्व वृद्धि गर्न व्यवस्थापकलाई अभिप्रेरित गर्ने छ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी चेतनामूलक तालिम संचालन गर्न सक्ने र प्रशिक्षकको रुपमा कार्यपत्र प्रस्तुत गर्न प्रशिक्षार्थीहरुले सक्नेछन्।

### ३.१.२ प्रेसर र भेसल तथा ब्वायलर सुरक्षा सम्बन्धी ७ दिने दक्षता अभिवृद्धिमूलक प्रशिक्षण

ब्वायलर तथा प्रेसर भेसल संचालन तथा व्यवस्थापन सम्बन्धी ७ दिने प्रत्येक तालिममा २५ जना सहभागी राख्ने, ब्वायलर तथा प्रेसर भेसल संचालन तथा व्यवस्थापन सम्बन्धी २४ वटा विषयहरु पढाउने र २ वटा केन्द्रको तालिम हलमा संचालन गर्ने लक्ष्य निर्धारण गरिएको थियो। यो तालिमको अवधि ७ दिने निर्धारण गरिएको थियो। ७ दिने मध्ये ६ दिने

सैद्धान्तिक (Theoretical) ज्ञानको लागि कार्यपत्र प्रस्तुत सम्बन्धी विषयका विज्ञबाट गराउने र १ दिन व्यवहारिक (Practical) ज्ञानको लागि उद्योग भ्रमण गराउने कार्यक्रम रहेको थियो। यो तालिमको उद्देश्यहरु निम्न अनुसार रहेको थियो।

- सहभागीहरुलाई व्वायलर संचालन गर्दा हुने खतरा तथा जोखिमहरुको बारेमा जानकारी गराउने।
- व्वायलर संचालन गर्दा वा व्वायलर संचालनमा रहदा भएको दुर्घटनाका संभावनाहरुलाई हटाई दुर्घटना न्यूनीकरण सहयोग पुग्ने।
- सहभागीहरुलाई सुरक्षित व्वायलर संचालन र व्वायलर संचालन व्यवस्थापन गर्ने सम्बन्धी ज्ञान एवं सीप दिने।
- Boiler Operator को काम, कर्तव्य र व्वायलर सुरक्षा तथा संचालन व्यवस्थापनमा Boiler Operator को भूमिका बारेमा जानकारी दिने।
- ब्वायलर तथा प्रेसर भेसल संचालन व्यवस्थापनमा ब्वायलर निरीक्षणको भूमिका, ब्वायलर निरीक्षण एवं प्रमाणिकरणको आवश्यकता एवं महत्व र नेपालमा यस सम्बन्धमा भएको कानूनी व्यवस्था सम्बन्धी जानकारी सहभागीहरुलाई दिने।

ब्वायलर तथा प्रेसर भेसल संचालन तथा व्यवस्थापन सम्बन्धी ७ दिने पहिलो तालिम मिति २०८१।०८।१२ गतेदखि १८ गतेसम्म केन्द्रको तालिम हलमा संचालन भएको थियो। उक्त तालिममा विभिन्न उद्योगहरुबाट सहभागी भएका थिए। प्रशिक्षार्थीहरुले उद्योग भ्रमण पश्चात उद्योगमा रहेको Boiler Operate सम्बन्धी प्रशिक्षण लिनुका साथै Hazard सम्बन्धी कक्षा कोठामा समूहगतरुपमा छलफल गरेका थिए। साथै दोश्रो तालिम मिति २०८२।०२।२५ गतेदेखि ३१ गतेसम्म संचालन भएको थियो। यस प्रशिक्षणमा पहिलो चरणको तालिममा २८ जना र दोश्रो चरणको तालिममा १९ गरी जम्मा ४७ जना सहभागी भएका थिए।






**उपलब्धिः-** ब्वायलर सुरक्षा तथा संचालन व्यवस्थापन सम्बन्धी ७ दिने संचालित २ वटा तालिमबाट ४४ जना पुरुष र ३ जना महिला गरी ४७ जना प्रशिक्षित भएका थिए। यो तालिम कार्यक्रमहरुको उपलब्धिहरु देहाय अनुसार रहेका छन।

- सहभागीहरुलाई ब्वायलर संचालन गर्दा हुने खतरा तथा जोखिमहरुको बारेमा ज्ञान हासिल भएको।
- सहभागीहरुलाई सुरक्षित ब्वायलर संचालन र ब्वायलर संचालन व्यवस्थापन गर्ने सम्बन्धी ज्ञान एवं सीप प्राप्त भएको।
- सहभागीहरुलाई Boiler Operator को काम, कर्तव्य र ब्वायलर सुरक्षा तथा संचालन व्यवस्थापनमा Boiler operator को भूमिका सम्बन्धमा जानकारी प्राप्त भएको।
- ब्वायलर सुरक्षा तथा संचालन व्यवस्थापन ब्वायलर निरीक्षकको भूमिका, ब्वायलर निरीक्षण एवं प्रमाणिकरणको आवश्यकता एवं महत्व र नेपालमा यस सम्बन्धमा भएको कानूनी व्यवस्था सम्बन्धी जानकारी सहभागीहरुलाई प्राप्त भएको।

- ब्वायलर संचालन गर्दा वा ब्वायलर संचालनमा रहदा भएका दुर्घटनाका संभावनालाई हटाई दुर्घटना न्यूनीकरण गर्नमा प्रशिक्षार्थीहरुबाट सहयोग पुग्ने।

## ३.१.३ कार्यस्थलमा खतराको पहिचान तथा जोखिम मूल्याङ्कन सम्बन्धी ४ दिने अभिवृद्धिमूलक प्रशिक्षण

कार्यस्थलमा खतराको पहिचान तथा जोखिमको मूल्याङ्कन विषयक प्रत्येक तालिमा २५ जना सहभागी राख्ने, सम्बन्धित विषयको १५ वटा कार्यपत्र प्रस्तुत गर्ने र २ वटा तालिम यस केन्द्रको तालिम हलमा संचालन गर्ने लक्ष्य निर्धारण गरिएको थियो। यो तालिमको अवधि ४ दिने निर्धारण गरिएको थियो। ४ दिन मध्ये ३ दिन सैद्धान्तिक ज्ञानको लागि कार्यपत्र प्रस्तुत सम्बन्धी विषयका विज्ञबाट गराउने र १ दिन व्यवहारिक ज्ञानको लागि उद्योग भ्रमण गराउने कार्यक्रम रहेको थियो। यो तालिमको लागि सहभागिताको न्यूनतम शैक्षिक योग्यता Diploma in Technical Subject वा Intermediate हुनुपर्ने निर्धारण गरिएको थियो। यो तालिमको उद्देश्यहरु निम्न अनुसार रहेका थिए।

- प्रशिक्षार्थीहरुलाई Hazard and Risk, Types of Hazard , Method of Hazard & Risk Identification and Hazard Control Principles सम्बन्धमा ज्ञान एवं सीप दिने।
- प्रशिक्षार्थीहरुले कार्यस्थलमा Qualitative Method को प्रयोग गरी Hazard & Risk Identification गर्न सक्ने।
- Hazard Control गर्न के कस्ता उपायाहरु अवलम्बन गर्न सकिन्छ त्यस सम्बन्धमा ज्ञान एवं सीप प्रशिक्षार्थीहरुले हासिल गर्ने।




कार्यस्थलमा खतराको पहिचान तथा जोखिमको मूल्याङ्कन विषयक पहिलो तालिम मिति २०८१।०४।२७ गतेदखि ३० गतेसम्म र दोश्रो तालिम मिति २०८१।०९।१६ देखि १९ गतेसम्म केन्द्रको तालिम हलमा संचालन भएको थियो। उक्त तालिममा विभिन्न उद्योगहरुबाट सहभागी भएका थिए। प्रशिक्षार्थीहरुले उद्योग भ्रमण पश्चात उद्योगमा रहेको Hazard & Risk बारेमा कक्षा कोठामा सामुहिक छलफल गरी प्रस्तुतीकरण गराइएको थियो। यस तालिममा पहिलो र दोश्रो गरी जम्मा ५५ जना सहभागी भएका थिए।

**उपलब्धिः-** कार्यस्थलमा खतराको पहिचान तथा जोखिमको मूल्याङ्कन विषयक संचालित २ वटा तालिमबाट ११ जना महिला र ४४ जना पुरुष गरी जम्मा ५५ जना प्रशिक्षित भएका थिए। प्रशिक्षार्थीहरुले कार्यस्थलमा विद्यमान खतरा तथा जोखिमको मूल्याङ्कन सम्बन्धी ज्ञान एवं सीप हासिल गरेका छन। यो तालिम कार्यक्रमहरुको उपलब्धिहरु देहाय अनुसार रहेका छन।

- प्रशिक्षार्थीहरुलाई Hazard and Risk, Types of Hazard , Method of Hazard & Risk Identification and Hazard Control Principles सम्बन्धमा ज्ञान एवं सीप हासिल गरेका छन्।
- प्रशिक्षार्थीहरुले कार्यस्थलमा Qualitative Method को प्रयोग गरी Hazard & Risk Identification गर्न सक्ने क्षमताको विकास गरेका छन्।

- Hazard Control गर्न के कस्ता उपायाहरु अवलम्बन गर्न सकिन्छ त्यस सम्बन्धमा ज्ञान एवं सीप प्रशिक्षार्थीहरुले हासिल गरेका छन्।

## ३.१.४ उद्योग वा प्रतिष्ठानमा कार्यरत श्रमिकहरुको लागि OSH सम्बन्धी ३ दिने सचेतनामलुक तालिम

उद्योग वा प्रतिष्ठानमा कार्यरत श्रमिकहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी ३ दिने सचेतनामूलक तालिम २ वटा रहेकोमा प्रत्येक तालिममा २५ जना सहभागी राख्ने, विभिन्न उद्योग वा प्रतिष्ठानसंग सम्बन्धित व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी १० वटा बिषयहरुमा प्रशिक्षण गराउने र व्यवहारिक ज्ञानको लागि उद्योग भ्रमण गराउने कार्यक्रम रहेको थियो। यो तालिमको निम्न अनुसार उदेश्यहरु रहेका थिए।

- कार्यस्थलमा व्यवसाजन्य सुरक्षा तथा स्वास्थ्यको प्रवर्द्धनका लागि आवश्यक ऐन कानून, अभ्यास संहिता, मार्ग दर्शन तथा मापदण्डको तर्जुमा गर्ने,
- कार्यस्थल सुधारमा कानूनी प्रावधानहरूको कार्यान्वयनको लागि नियमित र व्यवस्थित रूपमा कार्यस्थल निरिक्षण तथा अनुगमन सहयोग गर्ने,
- कार्यस्थलमा श्रमिकहरूको स्वास्थ्य तथा सुरक्षाको संरक्षण र प्रवर्द्धनका लागि नियमित र व्यवस्थित रूपमा कार्यस्थल अनुगमन गर्ने तथा सुधारका सम्भव विकल्पहरू बारेमा आवश्यक परामर्श सेवा उपलब्ध गराउने,
- कार्यस्थलमा श्रमिकहरूको स्वास्थ्य तथा सुरक्षाको संरक्षण र प्रवर्द्धनका लागि सम्पूर्ण स्रोत र जानकारी सम्पन्न केन्द्रको रूपमा स्थापित गर्ने र आवश्यक जानकारी प्रवाहको उचित संयन्त्र स्थापित गर्ने,
- कार्यस्थलमा श्रमिकहरूको स्वास्थ्य तथा सुरक्षाको संरक्षण र प्रवर्द्धनका लागि सम्बन्धित सबै पक्षलाई आवश्यक तालिम तथा प्रशिक्षणको स्रोत केन्द्रको रूपमा स्थापित गर्ने।





उद्योग वा प्रतिष्ठानमा कार्यरत श्रमिकहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी ३ दिने सचेतनामूलक तालिम पहिलो जनकपुरमा मिति २०८१।१०।२१ देखि २३ गतेसम्म र दोश्रो तालिम बनेपा काभ्रेमा मिति २०८१।१२।२५ देखि २७ गतेसम्म सम्पन्न भएको थियो। प्रशिक्षार्थीहरुले उद्योग भ्रमण पश्चात उद्योगमा रहेको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी के कस्तो अवधारणाहरु अपनाइएको बारेमा कक्षा कोठामा सामुहिक छलफल गरी प्रस्तुतीकरण गराइएको थियो। यस तालिममा पहिलो चरण जनकपुरमा ३० जना र दोश्रो चरण बनेपा काभ्रेमा २६ जना गरी जम्मा ५६ जना सहभागी भएका थिए।

**उपलब्धि** : विभिन्न उद्योग वा प्रतिष्ठानमा कार्यरत श्रमिकहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सचेतनामूलक तालिमबाट उद्योग र प्रतिष्ठान संग आबद्ध जम्मा ५० श्रमिकहरु प्रशिक्षित भएका थिए ।यस कार्यक्रमका उपलब्धिहरु देहाय अनुसार रहेका छन्,

- विभिन्न उद्योग वा प्रतिष्ठानमा कार्यरत श्रमिक तथा कर्मचारीहरुले व्यवसाजन्य सुरक्षा तथा स्वास्थ्यको महत्त्वबारे जानकारी प्राप्त गरेको ।
- विभिन्न उद्योग वा प्रतिष्ठानमा भएका खतरा एवं जोखिमबारे उद्योगमा काम गर्ने कामदार तथा कर्मचारीहरुले जानकारी प्राप्त गरेको ।
- विभिन्न उद्योग वा प्रतिष्ठानमा हुन सक्ने दुर्घटना र सो बाट बच्नको लागि अवलम्बन गर्न सकिने उपयाहरूकोबारे जानकारी सहभागीहरुले प्राप्त गरेको ।
- विभिन्न उद्योग वा प्रतिष्ठानमा काम गर्दै गर्दा अपनाउन सकिने व्यक्तिगत सुरक्षाका साधनहरुको प्रयोगबारे जानकारी हासील गरेको।

### ३.१.५ रोलिङ्ग मिलहरुमा कार्यरत श्रमिकहरुलाई OSH सम्बन्धी सचेतनामूलक तालिम

रोलिङ्ग मिलहरुमा कार्यरत श्रमिकहरुलाई हुन सक्ने खतरा तथा जोखिमहरुका र सो दुर्घटनाबाट बच्नको लागि के कस्ता उपायहरु अबलम्बन गर्न सकिन्छ बारे रोलिङ्ग मिलहरुमा काम गर्ने कामदार, कर्मचारीहरुलाई जानकारी दिने उदेश्यले यो आर्थिक वर्ष २०८१/०८२ मा १ वटा रोलिङ्ग मिलहरुमा कार्यरत श्रमिकहरुका लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सचेतनामूलक तालिम राखिएको थियो । कम्तिमा २५ जना रोलिङ्ग कार्यमा संलग्न श्रमिक तथा व्यवस्थापकहरुलाई सहभागी गराई लक्ष्य निर्धारण गरिएको थियो । सो कार्यक्रमका उदेश्यहरु देहाय अनुसार रहेको थियो ।

- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको संस्थागत क्षमता अभिवृद्धि गरि सहभागितामूलक कार्य अनुरुप यसको दिगो विकास गर्ने र भविष्यमा सरकारी लगानी विना नेपालभरी समान प्रकृतिका उद्योगहरुमा यस कार्यको ब्यापकता आउने,
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको माध्यमबाट उद्योगमा घटना सक्ने दुर्घटना तथा व्यवसायजन्य रोगहरुको न्यूनीकरण गर्ने ,कार्यस्थलमा हुने भौतिक खतरा श्रोतहरुको पहिचान गर्न सक्ने र ति बाट हुन सक्ने स्वास्थ्य असरको बारेमा चनाखो हुने,
- रोलिङ्ग मिलहरुमा प्रयोग हुने वा निस्कासन हुने रसायनको प्रकृतिको बारेमा  बृहत परिचय गराई सो संग आबद्ध कर्मचारीहरुको ज्ञान अभिवृद्धि गर्ने र सुरक्षित भएर दैनिक कार्यमा संलग्न हुने प्रेरणा प्रदान गर्ने,
- यस क्षेत्रमा कार्यरत कर्मचारी लागायत यससंग आबद्ध सबैलाई आन्तरिक विशेषज्ञको रुपमा सक्षम बनाउने र सोको मार्फतबाट कार्यरत उद्योगमा नया थप सुधारका क्रियाकलापहरु संचालन गराउने।

श्रम तथा रोजगार कार्यालय बिरगंजको समन्वयमा मिति २०८१।०८।२१ देखि २२ गतेसम्म जितपुर, सिमरामा बिभिन्न रोलिङ्ग मिलहरुसंग आबद्ध २६ जना श्रमिक तथा व्यवस्थापकहरुको सहभागितामा सम्पन्न भएको थियो। सहभागीहरुमा सबै पुरुषहरु थिए।




**उपलब्धिः** यस केन्द्रको वार्षिक कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ मा संचालन गर्न भनिएको "रोलिङ्ग मिलहरुमा कार्यरत श्रमिकहरुलाई ब्व्यासायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सचेतनामूलक तालिम "यो आर्थिक

बर्षको रोलिङ्ग मिललाई लक्षित १ वटा तालिम रहेको थियो । यस तालिमबाट अपेक्षा गरिएका उपलब्धिहरू निम्नानुसार रहेका थिए ।

- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रले संचालन गर्ने गरेको विभिन्न खालका तालिम हरुको बारेमा राष्ट्रव्यापी रुपमा पहिचान गराउन सफल र श्रमिकहरुलाई OSH को बारेमा जानकारी दिन सकेको।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको माध्यमबाट उद्योगमा घटना सक्ने दुर्घटना तथा व्यवसायजन्य रोगहरुको न्यूनीकरण गर्ने, कार्यस्थलमा हुने भौतिक खतरा श्रोतहरुको पहिचान गर्न सक्ने र ति बाट हुन सक्ने स्वास्थ्य असरको बारेमा जानकारी प्रदान गरेको।

## ३.१.६ सिमेन्ट उद्योगमा कार्यरत श्रमिकहरुको लागि OSH सम्बन्धी सचेतनामूलक तालिम

सिमेन्ट उद्योगमा कार्यरत श्रमिकहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सचेतनामूलक तालिममा आ.व २०८१/८२ लाई २ वटा रहेकोमा प्रत्येक तालिममा २५ जना सहभागी राख्ने, सिमेन्ट उद्योगसंग सम्बध व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी ८ वटा बिषयहरुमा प्रशिक्षण गराउने लक्ष्य निर्धारण गरिएको थियो । यो तालिमको निम्न अनुसार उदेश्यहरु रहेको थिए,

- कार्यस्थलमा व्यवसाजन्य सुरक्षा तथा स्वास्थ्यको प्रवर्द्धनका लागि आवश्यक ऐन कानून, अभ्यास संहिता, मार्ग दर्शन तथा मापदण्डको तर्जुमा गर्ने,
- कार्यस्थल सुधारमा कानूनी प्रावधानहरूको कार्यान्वयनको लागि नियमित र व्यवस्थित रूपमा कार्यस्थल निरिक्षण तथा अनुगमन सहयोग गर्ने,
- कार्यस्थलमा श्रमिकहरूको स्वास्थ्य तथा सुरक्षाको संरक्षण र प्रवर्द्धनका लागि नियमित र व्यवस्थित रूपमा कार्यस्थल अनुगमन गर्ने तथा सुधारका सम्भव विकल्पहरू बारेमा आवश्यक परामर्श सेवा उपलब्ध गराउने,
- कार्यस्थलमा श्रमिकहरूको स्वास्थ्य तथा सुरक्षाको संरक्षण र प्रवर्द्धनका लागि सम्पूर्ण स्रोत र जानकारी सम्पन्न केन्द्रको रूपमा स्थापित गर्ने र आवश्यक जानकारी प्रवाहको उचित संयन्त्र स्थापित गर्ने,
- कार्यस्थलमा श्रमिकहरूको स्वास्थ्य तथा सुरक्षाको संरक्षण र प्रवर्द्धनका लागि सम्बन्धित सबै पक्षलाई आवश्यक तालिम तथा प्रशिक्षणको स्रोत केन्द्रको रूपमा स्थापित गर्ने।





सिमेन्ट उद्योगमा कार्यरत श्रमिकहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सचेतनामूलक तालिममा पहिलो कपिलवस्तुमा मिति २०८१।११।२२ देखि २३ गतेसम्म र दोश्रो तालिम हेटौडा मकवानपुरमा मिति २०८२।०३।०७ गते सम्पन्न भएको थियो। यस तालिममा पहिलो चरण कपिलवस्तुमा २७ जना र दोश्रो चरण हेटौडा मकवानपुरमा ३८ जना गरी जम्मा ६५ जना सहभागी भएका थिए।

**उपलब्धि** : विभिन्न सिमेन्ट उद्योगमा कार्यरत श्रमिकहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सचेतनामूलक तालिमबाट उद्योगसंग आबद्ध जम्मा ६५ श्रमिकहरु प्रशिक्षित भएका थिए । यस कार्यक्रमका उपलब्धिहरु देहाय अनुसार रहेका छन्।

- सिमेन्ट उद्योगमा कार्यरतस श्रमिक तथा कर्मचारीहरुले व्यवसाजन्य सुरक्षा तथा स्वास्थ्यको महत्वबारे जानकारी प्राप्त गरेको ।
- सिमेन्ट उद्योगमा भएका खतरा एवं जोखिमबारे सिमेन्ट उद्योगमा काम गर्ने कामदार तथा कर्मचारीहरुले जानकारी प्राप्त गरेको ।
- सिमेन्ट उद्योगमा हुन सक्ने दुर्घटना र सो बाट बच्नको लागि अवलम्बन गर्न सकिने उपयाहरूकोबारे जानकारी सहभागीहरुले प्राप्त गरेको ।
- सिमेन्ट उद्योगमा काम गर्दै गर्दा अपनाउन सकिने व्यक्तिगत सुरक्षाका साधनहरुको प्रयोगबारे जानकारी हासील गरेको।

## ३.१.७ ग्रिल र फेब्रिकेशन कार्यमा संलग्न श्रमिकहरुलाई OSH बचाउ सम्बन्धी अभिमूखिकरण तालिम

ग्रिल तथा फेब्रिकेशन कार्यमा संलग्न श्रमिकहरुलाई हुन सक्ने खतरा तथा जोखिमहरुका र सो दुर्घटनाबाट बच्नको लागि के कस्ता उपायहरु अबलम्बन गर्न सकिन्छ बारे ग्रिल तथा फेब्रिकेशन कार्यमा काम गर्ने कामदार, कर्मचारीहरुलाई जानकारी दिने उदेश्यले यो आर्थिक वर्षमा १ वटा ग्रिल तथा फेब्रिकेशन कार्यमा संलग्न श्रमिकहरुको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य बचाउ सम्बन्धी अभिमुखीकरण तालिम राखिएको थियो । कम्तिमा २५ जना ग्रिल तथा फब्रिकेशन कार्यमा संलग्न श्रमिक तथा व्यवस्थापकहरुलाई सहभागी गराई लक्ष्य निर्धारण गरिएको थियो ।सो कार्यक्रमका उदेश्यहरु देहाय अनुसार रहेको थियो ।

- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको संस्थागत क्षमता अभिवृद्धि गरि सहभागितामूलक कार्य अनुरुप यसको दिगो विकाश गर्ने र भविष्यमा सरकारी लगानी विना नेपालभरी समान प्रकृतिका उद्योगहरुमा यस कार्यको ब्यापकता आउने,
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको माध्यमबाट उद्योगमा घटन् सक्ने दुर्घटना तथा व्यवसायजन्य रोगहरुको न्यूनीकरण गर्ने ,कार्यस्थलमा हुने भौतिक खतरा श्रोतहरुको पहिचान गर्न सक्ने र ति बाट हुन सक्ने स्वास्थ्य असरको बारेमा चनाखो हुने,
- ग्रिल उद्योगमा प्रयोग हुने वा निस्कासन हुने रसायनको प्रकृतिको बारेमा बृहत परिचय गराई सो संग आबद्ध कर्मचारीहरुको ज्ञान अभिवृद्धि गर्ने र सुरक्षित भएर दैनिक कार्यमा संलग्न हुने प्रेरणा प्रदान गर्ने,
- यस क्षेत्रमा कार्यरत कर्मचारी लगाथत यस संग आबद्ध सबैलाई आन्तरिक विशेषज्ञको रुपमा सक्षम बनाउने र सोको मार्फतबाट कार्यरत उद्योगमा नया थप सुधारका क्रियाकलापहरु संचालन गराउने।



काभ्रे ग्रिल तथा स्टिल व्यवसायी संघको समन्वयमा मिति २०८१।०८।०६ देखि ७ गतेसम्म बनेपा काभ्रेमा बिभिन्न ग्रिल तथा स्टिल उद्योगसंग आबद्ध ३० जना श्रमिक तथा व्यवस्थापकहरुको सहभागितामा सम्पन्न भएको थियो । ३० जना सहभागीहरुमा सबै पुरुष थिए ।

**उपलब्धिः** यस केन्द्रको वार्षिक कार्यक्रम अन्तर्गत आ.व.२०८१/८२ मा संचालन गर्न भनिएको "ग्रिल तथा फेब्रिकेसन कार्यमा संलग्न श्रमिकहरुको व्यवसायजन्य सुरक्षा तथा

स्वास्थ्य बचाउ सम्बन्धी अभिमुखीकरण तालिम" यो आर्थिक बर्षको ग्रिल उद्योगलाई लक्षित एक मात्र तालिम रहेको थियो । यस तालिमबाट अपेक्षा गरिएका उपलब्धिहरू निम्नानुसार रहेका थिए ।

- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रले संचालन गर्ने गरेको बिभिन्न खालका तालिम हरुको बारेमा राष्ट्रव्यापी रुपमा पहिचान गराउन सफल भएको।

## ३.१.८ निर्माण उद्योगमा काम गर्ने श्रमिकहरुका लागि OSH सम्बन्धी १ दिने सचेतनामूलक तालीम

निर्माण उद्योगहरुमा कार्यरत श्रमिकहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सचेतनामूलक तालिममा आ.व २०८१/८२ लाई २ वटा रहेकोमा प्रत्येक तालिममा २५ जना सहभागी राख्ने, निर्माण उद्योगसंग सम्बध व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी ४ वटा बिषयहरुमा प्रशिक्षण गराउने लक्ष्य निर्धारण गरिएको थियो ।यो तालिमको निम्न अनुसार उदेश्यहरु रहेको थिए।

- निर्माण कार्य गर्दा अपनाउनु पर्ने सावधानको, प्राथामिक उपचार बारेमा ज्ञान, चेतना अभिवृद्धि गर्ने
- कार्यस्थलमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको प्रवर्द्धन
- कार्यस्थलमा खतरा तथा जोखिमहरूको पहिचान तथा न्युनिकरण
- सुरक्षित कृयाकलाप तथा सुरक्षित कार्य वातावरणको प्रवर्द्धन
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी कानूनी व्यवस्था बारे जानकारी
- उपयुक्त व्यक्तिगत सुरक्षा उपकरणहरूको प्रयोगको प्रवर्द्धन
- कार्यस्थलमा दुर्घटनामा परि मजदुरको मृत्युको संख्यामा कमि ल्याउनुका साथै अंगभंग हुन बाट जोगाउने





निर्माण उद्योगहरुमा कार्यरत श्रमिकहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सचेतनामूलक पहिलो तालिम गल्छी धादिङमा मिति २०८१।०४।३२ गते सम्पन्न भएको थियो।विकास सहायता कार्यान्वयन महाशाखा नागढुङ्गा मुग्लिङ सडक आयोजनाको समन्वयमा सम्पन्न उक्त तालिममा विभिन्न निर्माण उद्योगका श्रमिक तथा व्यवस्थापक गरी जम्मा ३४ जना सहभागी भएका थिए भने दोश्रो तालिम मिति २०८१।१२।०९ गते मकवानपुरको भिमफेदीमा सम्पन्न भएको थियो । बिभिन्न निर्माण उद्योगसंग आबद्ध उद्योगहरुबाट २९ श्रमिक तथा ब्यवास्थापकहरुको संलग्नतामा सम्पन्न भएको उक्त प्रशिक्षण कार्यक्रममा CRGC-COVEC JV को समन्वयमा भएको थियो।

**उपलब्धि** : निर्माण उद्योगमा कार्यरत श्रमिकहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सचेतनामूलक तालिमबाट निर्माण क्षेत्रसंग आबद्ध जम्मा ६३ श्रमिक तथा ब्यवास्थापकहरु प्रशिक्षित भएका थिए। यस कार्यक्रमका उपलब्धिहरु देहाय अनुसार रहेका छन्।

- निर्माण उद्योगमा कार्यरतस श्रमिक तथा ब्यवास्थापकहरुले व्यवसाजन्य सुरक्षा तथा स्वास्थ्यको महत्वबारे जानकारी प्राप्त गरेको ।
- निर्माण उद्योगमा भएका खतरा एवं जोखिमबारे निर्माण उद्योगमा काम गर्ने कामदार तथा कर्मचारीहरुले जानकारी प्राप्त गरेको ।
- निर्माण उद्योगमा हुन सक्ने दुर्घटना र सो बाट बच्नको लागि अवलम्बन गर्न सकिने उपयाहरूकोबारे जानकारी सहभागीहरुले प्राप्त गरेको ।
- निर्माण उद्योगमा काम गर्दै गर्दा अपनाउन सकिने व्यक्तिगत सुरक्षाका साधनहरुको प्रयोगबारे जानकारी हासील गरेको।

## ३.१.९ प्रतिष्ठानको सुरक्षा तथा स्वास्थ्य समितिका सदस्यहरुलाई OSH सम्बन्धी सशक्तिकरण तालिम

प्रतिष्ठानको सुरक्षा तथा स्वास्थ्य समितिका सदस्यहरुलाई OSH सम्बन्धी सशक्तिकरण तालीममा आ.व २०८१/८२ लाई २ वटा रहेकोमा प्रत्येक तालिममा २५ जना सहभागी राख्ने, प्रतिष्ठानको सुरक्षा तथा स्वास्थ्य समितिका सदस्यहरुलाई OSH सम्बन्धी ४ वटा बिषयहरुमा प्रशिक्षण गराउने लक्ष्य निर्धारण गरिएको थियो ।यो तालिमको निम्न अनुसार उदेश्यहरु रहेको थिए।

- प्रतिष्ठानको सुरक्षा तथा स्वास्थ्य समितिका सदस्यहरुले कार्य गर्दा अपनाउनु पर्ने सावधानको, प्राथामिक उपचार बारेमा ज्ञान, चेतना अभिवृद्धि गर्ने
- कार्यस्थलमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको प्रवर्द्धन
- कार्यस्थलमा खतरा तथा जोखिमहरूको पहिचान तथा न्युनिकरण
- सुरक्षित कृयाकलाप तथा सुरक्षित कार्य वातावरणको प्रवर्द्धन
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी कानूनी व्यवस्था बारे जानकारी
- उपयुक्त व्यक्तिगत सुरक्षा उपकरणहरूको प्रयोगको प्रवर्द्धन
- कार्यस्थलमा दुर्घटनामा परि मजदुरको मृत्युको संख्यामा कमि ल्याउनुका साथै अंगभंग हुन बाट जोगाउने
- सम्बन्धित प्रतिष्ठानहरुमा समिति गठन, व्यवस्थापन बारे जानकारी
- समिति गठन गर्ने प्रक्रिया, OSH नीति, नियम बनाउने तरिका वारे जानकारी ।

प्रतिष्ठानको सुरक्षा तथा स्वास्थ्य समितिका सदस्यहरुलाई OSH सम्बन्धी सशक्तिकरण तालिम पहिलो धुलिखेल काभ्रेमा मिति २०८१।०६।०८ गते सम्पन्न भएको थियो। उक्त तालिममा विभिन्न उद्योग, प्रतिष्ठानहरुमा कार्यरत श्रमिक तथा व्यवस्थापकहरु गरी जम्मा २६ जना सहभागी भएका थिए। त्यसैगरी प्रतिष्ठानको सुरक्षा तथा स्वास्थ्य समितिका सदस्यहरुलाई OSH सम्बन्धी सशक्तिकरण तालिम दोस्रो जितपुर सिमरामा मिति २०८२।०३।०३ गते सम्पन्न भएको थियो। श्रम तथा र रोजगार कार्यालय, विरगंजको समन्वयमा



सम्पन्न उक्त तालिममा विभिन्न उद्योग, प्रतिष्ठानहरुमा कार्यरत श्रमिक तथा व्यवस्थापकहरु गरी जम्मा २३ जना सहभागी भएका थिए।



**उपलब्धि** : प्रतिष्ठानको सुरक्षा तथा स्वास्थ्य समितिका सदस्यहरुलाई OSH सम्बन्धी सशक्तिकरण तालिमबाट उद्योग, प्रतिष्ठान संग आबद्ध जम्मा ४९ व्यवस्थापक तथा श्रमिकहरु प्रशिक्षित भएका थिए। यस कार्यक्रमका उपलब्धिहरु देहाय अनुसार रहेका छन्।

- उद्योग, प्रतिष्ठानहरुमा कार्यरत श्रमिक तथा व्यवस्थापक व्यवसाजन्य सुरक्षा तथा स्वास्थ्य समितिको महत्वबारे जानकारी प्राप्त गरेको ।
- उद्योग, प्रतिष्ठानहरुमा भएका खतरा एवं जोखिमबारे उद्योगमा काम गर्ने कामदार तथा कर्मचारीहरुले जानकारी प्राप्त गरेको ।
- उद्योग, प्रतिष्ठानहरुमा हुन सक्ने दुर्घटना र सो बाट बच्नको लागि अवलम्बन गर्न सकिने उपयाहरूकोबारे जानकारी सहभागीहरुले प्राप्त गरेको ।
- उद्योग, प्रतिष्ठानहरुमा काम गर्दै गर्दा अपनाउन सकिने व्यक्तिगत सुरक्षाका साधनहरुको प्रयोगबारे जानकारी हासील गरेको।
- उद्योग, प्रतिष्ठानहरुमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समिति गठन र नियम बनाउने बारे जानकारी हासील गरेको।

## ३.१.१० अटोमोबाईल क्षेत्रमा कार्यरत श्रमिकहरुका लागि OSH सम्बन्धी २ दिने अभिवृद्धिमूलक प्रशिक्षण

अटोमोबाइल क्षेत्रमा कार्यरत श्रमिकहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी २ दिने अभिवृद्धिमूलक प्रशिक्षणमा आ.व २०८१/८२ लाई २ वटा रहेकोमा प्रत्येक तालिममा २५ जना सहभागी राख्ने, अटोमोवाईल उद्योगसंग सम्बधीत व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी ८ वटा बिषयहरुमा प्रशिक्षण गराउने लक्ष्य निर्धारण गरिएको थियो । यो तालिमको निम्न अनुसार उदेश्यहरु रहेको थिए।

- अटोमोबाइल कार्य गर्दा अपनाउनु पर्ने सावधानको, प्राथमिक उपचार बारेमा ज्ञान, चेतना अभिवृद्धि गर्ने
- कार्यस्थलमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको प्रवर्द्धन
- कार्यस्थलमा खतरा तथा जोखिमहरूको पहिचान तथा न्युनिकरण
- सुरक्षित कृयाकलाप तथा सुरक्षित कार्य वातावरणको प्रवर्द्धन
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी कानूनी व्यवस्था बारे जानकारी
- उपयुक्त व्यक्तिगत सुरक्षा उपकरणहरूको प्रयोगको प्रवर्द्धन
- कार्यस्थलमा दुर्घटनामा परि मजदुरको मृत्युको संख्यामा कमि ल्याउनुका साथै अंगभंग हुन बाट जोगाउने

अटोमोबाइल क्षेत्रमा कार्यरत श्रमिकहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी २ दिने अभिवृद्धिमूलक प्रशिक्षण पहिलो तालिम विराटनगर मोरङमा मिति २०८१।०७।११ र १२ गते सम्पन्न भएको थियो। विराटनगर डिलर एसोसिएसन र श्रम तथा रोजगार कार्यालय विराटनगरको समन्वयमा सम्पन्न उक्त तालिममा विभिन्न अटोमोबाइल क्षेत्रमा कार्यरत श्रमिक तथा व्यवस्थापकहरु गरी जम्मा २७ जना सहभागी भएका थिए। त्यसैगरी दोस्रो तालिम भने मिति २०८१।०९।२५ र २६

गते मलेखु धादिङमा सम्पन्न भएको थियो। धादिङ अटो मेकानिक्स व्यवसायी संघ धादिङको समन्वयमा सम्पन्न उक्त तालिममा विभिन्न अटोमोबाइल क्षेत्रमा कार्यरत श्रमिक तथा व्यवस्थापकहरु गरी जम्मा ३३ जना सहभागी भएका थिए।

**उपलब्धि** : अटोमोबाइल उद्योगमा कार्यरत श्रमिकहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सचेतनामूलक तालिमबाट अटोमोबाइल उद्योगसंग आबद्ध जम्मा ६० जना श्रमिक तथा व्यवस्थापकहरु प्रशिक्षित भएका थिए। यस कार्यक्रमका उपलब्धिहरु देहाय अनुसार रहेका छन्,





- अटोमोबाइल उद्योगमा कार्यरत श्रमिक तथा कर्मचारीहरुले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको महत्वबारे जानकारी प्राप्त गरेको ।
- अटोमोबाइल उद्योगमा भएका खतरा एवं जोखिमबारे अटोमोबाइल उद्योगमा काम गर्ने कामदार तथा कर्मचारीहरुले जानकारी प्राप्त गरेको ।
- अटोमोबाइल उद्योगमा हुन सक्ने दुर्घटना र सो बाट बच्नको लागि अवलम्बन गर्न सकिने उपयाहरूकोबारे जानकारी सहभागीहरुले प्राप्त गरेको ।
- अटोमोबाइल उद्योगमा काम गर्दै गर्दा अपनाउन सकिने व्यक्तिगत सुरक्षाका साधनहरुको प्रयोगबारे जानकारी हासील गरेको।
- आगलागी भईहालेमा अग्नि निवारक यन्त्र चलाउने जानकारी प्राप्त गरेको।

## ३.१.११ जलविद्युत क्षेत्रमा कार्यरत श्रमिकहरुलाई OSH सम्बन्धी प्रशिक्षण

जलविद्युत क्षेत्रमा संलग्न श्रमिकहरुलाई हुन सक्ने खतरा तथा जोखिमहरुका र सो दुर्घटनाबाट बच्नको लागि के कस्ता उपायहरु अबलम्बन गर्न सकिन्छ भन्ने बारे जलविद्युत क्षेत्रमा काम गर्ने कामदार, कर्मचारीहरुलाई जानकारी दिने उदेश्यले यो आर्थिक वर्षमा २ वटा जलविद्युत कार्यमा संलग्न श्रमिकहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धि प्रशिक्षण राखिएको थियो । कम्तिमा २५ जना जलविद्युत कार्यमा संलग्न श्रमिक तथा व्यवस्थापकहरुलाई सहभागी गराई लक्ष्य निर्धारण गरिएको थियो ।सो कार्यक्रमका उदेश्यहरु देहाय अनुसार रहेको थियो।

- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको संस्थागत क्षमता अभिवृद्धि गरि सहभागितामूलक कार्य अनुरुप यसको दिगो विकाश गर्ने र भविष्यमा सरकारी लगानी विना नेपालभरी समान प्रकृतिका उद्योगहरुमा यस कार्यको ब्यापकता आउने ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको माध्यमबाट उद्योगमा घटना सक्ने दुर्घटना तथा व्यवसायजन्य रोगहरुको न्यूनीकरण गर्ने ,कार्यस्थलमा हुने भौतिक खतरा श्रोतहरुको पहिचान गर्न सक्ने र ति बाट हुन सक्ने स्वास्थ्य असरको बारेमा चनाखो हुने ।
- जलविद्युत उद्योगमा प्रयोग हुने वा निस्कासन हुने रसायनको प्रकृतिको बारेमा बृहत परिचय गराई सो संग आबद्ध कर्मचारीहरुको ज्ञान अभिवृद्धि गर्ने र सुरक्षित भएर दैनिक कार्यमा संलग्न हुने प्रेरणा प्रदान गर्ने

- यस क्षेत्रमा कार्यरत कर्मचारी लागायत यस संग आबद्ध सबैलाई आन्तरिक विशेषज्ञको रुपमा सक्षम बनाउने र सोको मार्फतबाट कार्यरत उद्योगमा नया थप सुधारका क्रियाकलापहरु संचालन गराउने।




जलविद्युत कार्यमा संलग्न श्रमिकहरुको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धित प्रशिक्षण पहिलो तालिम विदुर नुवाकोटमा मिति २०८१।१२।२१ गते सम्पन्न भएको थियो। उक्त तालिममा विभिन्न जलविद्युत क्षेत्रमा कार्यरत श्रमिक तथा व्यवस्थापकहरु गरी जम्मा ३१ जना सहभागी भएका थिए। त्यसैगरी दोस्रो तालिम भने यसै केन्द्रको तालिम हलमा मिति २०८२।०२।१९ गते सम्पन्न भएको थियो, जसमा श्रमिक तथा व्यवस्थापकहरु गरी जम्मा १७ जना सहभागी भएका थिए।

**उपलब्धिः** यस केन्द्रको वार्षिक कार्यक्रम अन्तर्गत आ.व.२०८१/८२ मा संचालन गर्न भनिएको "जलविद्युत क्षेत्रमा कार्यरत श्रमिकहरुलाई OSH सम्बन्धी प्रशिक्षण" यो आर्थिक बर्षको जलविद्युत क्षेत्रलाई लक्षित दुईवटा तालिम रहेको थियो । यस तालिमबाट अपेक्षा गरिएका उपलब्धिहरू निम्नानुसार रहेका थिए ।

- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रले संचालन गर्ने गरेको बिभिन्न खालका तालिम हरुको बारेमा राष्ट्रव्यापी रुपमा पहिचान गराउन सफल भएको।
- सहभागीहरुलाई जलविद्युत क्षेत्रमा हुन् सक्ने खतरा तथा जोखिमहरूको वारेमा जानकारी दिएको।

## ३.१.१२ उद्योग वा प्रतिष्ठानमा कार्यरत श्रमिकहरुको लागि आपतकालीन तयारी तथा प्राथमिक उपचार विषयक ३ दिने सचेतनामूलक तालिम

उद्योग वा प्रतिष्ठानमा कार्यरत श्रमिकहरुको लागि आपतकालीन तयारी तथा प्राथमिक उपचार विषयक ३ दिने सचेतनामूलक तालिम २ वटा रहेकोमा प्रत्येक तालिममा २५ जना सहभागी राख्ने, विभिन्न उद्योग वा प्रतिष्ठानसंग सम्बन्धित आपतकालीन तयारी तथा प्राथमिक उपचार सम्बन्धी १० वटा बिषयहरुमा प्रशिक्षण गराउने र व्यवहारिक ज्ञानको लागि उद्योग भ्रमण गराउने कार्यक्रम रहेको थियो। यो तालिमको निम्न अनुसार उदेश्यहरु रहेका थिए।

- प्रशिक्षार्थीहरुलाई आपतकालीन तथा प्राथमिक उपचार सम्बन्धी ज्ञान दिने।
- सहभागीहरुलाई प्राथमिक उपचार गर्ने र आगलागी भएमा कसरी आगो निभाउने भन्ने बारेमा सीप सिकाउने।
- सहभागीहरुलाई कार्यक्षेत्रमा हुन सक्ने विभिन्न प्रकारका आपतकालीन अवस्थाको पहिचान गर्ने, मूल्याङ्कन गर्ने र उपयुक्त नियन्त्रणको विधि छनौट गरी कार्य गर्ने सम्बन्धी जानकारी दिने।
- अत्यावश्यक सुविधाका साथ कार्यस्थलमा आपतकालीन उद्दार टोली गठन गर्न सबै उद्योग प्रतिष्ठानहरुलाई प्रोत्साहित गर्ने।

उद्योग वा प्रतिष्ठानमा कार्यरत श्रमिकहरुको लागि आपतकालीन तयारी तथा प्राथमिक उपचार विषयक ३ दिने सचेतनामूलक तालिम पहिलो भरतपुर चितवनमा मिति २०८१।०६।११ देखि १३ गतेसम्म र दोश्रो तालिम यसै केन्द्रमा मिति २०८१।०९।१७ देखि १९ गतेसम्म सम्पन्न भएको थियो। प्रशिक्षार्थीहरुले उद्योग भ्रमण पश्चात उद्योगमा रहेको आपतकालीन तयारी तथा प्राथमिक उपचार सम्बन्धी के कस्तो उपायहरु अपनाइएका छन् भन्ने बारेमा कक्षा कोठामा सामुहिक छलफल गरी प्रस्तुतीकरण गराइएको थियो। यस तालिममा पहिलो चरण भरतपुर चितवनमा २८ जना र दोश्रो चरण यस केन्द्रमा ३० जना गरी जम्मा ५८ जना सहभागी भएका थिए।



**उपलब्धि** : विभिन्न उद्योग वा प्रतिष्ठानमा कार्यरत श्रमिकहरुको लागि आपतकालीन तयारी तथा प्राथमिक उपचार विषयक सचेतनामूलक तालिमबाट उद्योग र प्रतिष्ठानसंग आबद्ध जम्मा ५८ श्रमिकहरु प्रशिक्षित भएका थिए । जसमा पहिलो चरणको तालिममा १८ जना पुरुष र १० जना महिला र दोश्रो चरणको तालिममा २५ जना पुरुष र ५ जना महिलाको सहभागी रहेको थियो। यस कार्यक्रमका उपलब्धिहरु देहाय अनुसार रहेका छन्,

- सहभागीहरुले आपतकालीन तथा प्राथमिक उपचार सम्बन्धी ज्ञान हासिल गरेको साथै प्राथमिक उपचार गर्ने र आगलागी भएमा कसरी आगो निभाउने बारेमा सीप प्राप्त गरेको।
- सहभागीहरुले कार्यक्षेत्रमा हुन सक्ने विभिन्न प्रकारका आपतकालीन अवस्थाको पहिचान गर्ने, मूल्याङ्कन गर्ने र उपयुक्त नियन्त्रणको विधि छनौट गरी कार्य गर्ने सम्बन्धी प्रयोगात्मक तथा सैद्धान्तिक ज्ञान प्राप्त गरेको।
- सहभागीहरुले अत्यावश्यक सुविधाका साथ कार्यस्थलमा आपतकालीन उद्दार टोली गठन गर्न आ-आफ्नो उद्योलाई प्रोत्साहित गर्ने।

## ३.१.१३ सरकारी कर्मचारीहरुलाई कार्यालयमा एर्गोनोमिक्स तथा सुरक्षित कार्य अभ्यास सम्बन्धी प्रशिक्षण

सरकारी कर्मचारीहरुलाई कार्यालयमा एर्गोनोमिक्स तथा सुरक्षित कार्य अभ्यास सम्बन्धी प्रशिक्षणमा आ.व २०८१/८२ को विशुद्ध नयाँ प्रकृतिको १ वटा प्रशिक्षण कार्यक्रम रहेकोमा सो प्रशिक्षण कार्यक्रममा २५ जना सहभागी राख्ने, कार्यालयमा एर्गोनोमिक्स तथा सुरक्षित कार्य अभ्यास सम्बन्धी ४ वटा बिषयहरुमा प्रशिक्षण गराउने लक्ष्य निर्धारण गरिएको थियो । यो तालिमको निम्न अनुसार उद्देश्यहरु रहेको थिए।

- कार्यस्थलमा एर्गोनोमिक्सको महत्व र प्रयोगका तरिका सिकाउने।
- कुर्सी, डेस्क, कम्प्युटर, आदि उपकरणहरूको उचित प्रयोगबारे जानकारी दिने।
- कार्यस्थलमा सम्भावित जोखिम र दुर्घटनाहरूबाट बच्ने उपायहरू सिकाउने र सही उठबस, सञ्चार, विद्युतीय उपकरणको प्रयोग र फायर सेफ्टी सम्बन्धि अभ्यासहरू प्रस्तुत गर्ने।
- लामो समय बसिरहँदा हुने शारीरिक असर (जस्तैः कम्मर दुखाइ, आँखा थकान आदि) को रोकथाम।
- कार्य क्षमता र उत्पादकत्व वृद्धि गर्ने र

- काम गर्दा मनोवैज्ञानिक र सामाजिक सुरक्षा प्रवर्द्धन गर्ने।





सरकारी कर्मचारीहरुलाई कार्यालयमा एर्गोनोमिक्स तथा सुरक्षित कार्य अभ्यास सम्बन्धी प्रशिक्षणमा तालिम यसै केन्द्रमा मिति २०८२।०३।०९ गते सम्पन्न भएको थियो। विभिन्न सरकारी कार्यालयहरुका कर्मचारीहरु गरी जम्मा ३२ जना सहभागी भएका थिए ।

**उपलब्धि** : सरकारी कर्मचारीहरुलाई कार्यालयमा एर्गोनोमिक्स तथा सुरक्षित कार्य अभ्यास सम्बन्धी प्रशिक्षणबाट सरकारी कार्यालयसँग आबद्ध जम्मा ३२ जना सरकारी कर्मचारीहरु प्रशिक्षित भएका थिए, जसमा २६ जना पुरुष र ६ जना महिला सहभागी भएका थिए। यस कार्यक्रमका उपलब्धिहरु देहाय अनुसार रहेका छन्।

- कर्मचारीहरूले कार्यस्थलको सजावट, उपकरणको मिलान, बस्ने/उभिने तरिका आदि सम्बन्धमा वैज्ञानिक जानकारी प्राप्त गरे।
- कुर्सी, डेस्क, कम्प्युटर, माउस/किबोर्डको उचित व्यवस्थापन गर्ने सीप विकास भयो।
- कार्यस्थलमा सुरक्षित रूपमा उपकरण चलाउने, तारहरूको व्यवस्थापन, आगलागी रोकथामका उपाय, प्राथमिक उपचार सम्बन्धी ज्ञान प्राप्त भयो।
- लामो समय बस्दा हुने पीठ दुखाइ, आँखाको थकान, मानसिक तनाव आदिमा कमी आएको अनुभव गरियो।
- शारीरिक व्यायाम, ब्रेक लिने अभ्यास, पानी पिउने बानीजस्ता स्वस्थ अभ्यासहरू विकास भए।
- कार्यदक्षता र उत्पादकत्वमा वृद्धि भएको।
- कर्मचारीहरूमा आपसी समन्वय, टीम वर्क र स्वास्थ्यप्रति सचेतना बढ्यो।

## ३.१.१४ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी १ दिने जनचेतनामूलक आधारभूत तालिम

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी १ दिने जनचेतनामूलक तालिम ५ वटा रहेकोमा प्रत्येक तालिममा २५ जना सहभागी राख्ने, विभिन्न उद्योग वा प्रतिष्ठानसंग सम्बन्धित व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी ४ वटा बिषयहरुमा प्रशिक्षण गराउने कार्यक्रम रहेको थियो। यो तालिमको निम्न अनुसार उद्देश्यहरु रहेका थिए।

- कार्यस्थलमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको प्रवर्द्धनका लागि आवश्यक ऐन कानून, अभ्यास संहिता, मार्ग दर्शन तथा मापदण्डको तर्जुमा गर्ने,
- कार्यस्थलमा श्रमिकहरूको स्वास्थ्य तथा सुरक्षाको संरक्षण र प्रवर्द्धनका लागि नियमित र व्यवस्थित रूपमा कार्यस्थल अनुगमन गर्ने तथा सुधारका सम्भव विकल्पहरू बारेमा आवश्यक परामर्श सेवा उपलब्ध गराउने,
- कार्यस्थलमा श्रमिकहरूको स्वास्थ्य तथा सुरक्षाको संरक्षण र प्रवर्द्धनका लागि सम्बन्धित सबै पक्षलाई आवश्यक तालिम तथा प्रशिक्षणको स्रोत केन्द्रको रूपमा स्थापित गर्ने।

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी १ दिने जनचेतनामूलक तालिम पहिलो कुरिनटार चितवनमामा मिति २०८१।०५।२७ गते, दोश्रो तालिम भैरहवा रुपन्देहीमा मिति २०८१।०७।०४ गते, तेश्रो तालिम मिनभवन काठमाडौंमा मिति २०८१।१०।२८ गते, चौंथो तालिम बुटवल रुपन्देहीमा मिति २०८१।११।२३ र अन्तिम पाँचौ तालिम महांकाल काठमाडौंमा मिति २०८२।०१।०३ गते सम्पन्न भएको थियो। यस तालिममा पहिलो चरणदेखि अन्तिम पाँचौ चरणसम्म जम्मा १४७ जना सहभागी भएका थिए।



**उपलब्धि** : विभिन्न उद्योग वा प्रतिष्ठानमा कार्यरत श्रमिकहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी जनचेतनामूलक तालिमबाट उद्योग र प्रतिष्ठान संग आबद्ध जम्मा १४७ श्रमिकहरु प्रशिक्षित भएका थिए, जसमा १३१ जना पुरुष र १६ जना महिला सहभागी भएका थिए। यस कार्यक्रमका उपलब्धिहरु देहाय अनुसार रहेका छन्।



- विभिन्न उद्योग वा प्रतिष्ठानमा कार्यरत श्रमिक तथा कर्मचारीहरुले व्यवसाजन्य सुरक्षा तथा स्वास्थ्यको महत्त्वबारे जानकारी प्राप्त गरेको ।
- विभिन्न उद्योग वा प्रतिष्ठानमा भएका खतरा एवं जोखिमबारे उद्योगमा काम गर्ने कामदार तथा कर्मचारीहरुले जानकारी प्राप्त गरेको ।
- विभिन्न उद्योग वा प्रतिष्ठानमा हुन सक्ने दुर्घटना र सो बाट बच्नको लागि अवलम्बन गर्न सकिने उपयाहरूबारे जानकारी सहभागीहरुले प्राप्त गरेको ।
- विभिन्न उद्योग वा प्रतिष्ठानमा काम गर्दै गर्दा अपनाउन सकिने व्यक्तिगत सुरक्षाका साधनहरुको प्रयोगबारे जानकारी हासील गरेको।
- आगलागी भएमा आगो निभाउनका लागि आग्नि नियन्त्रण यन्त्रको बारेमा जानकारी एवं अभ्यास गरेको।

## ३.१.१५ कार्यस्थलमा हानिकारक तत्वहरुको नमुना संकलन तथा विश्लेषण (OSH सम्बन्धी सुधारात्मक कार्य)

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र २०७५ साल श्रावन महिना भन्दा अगाडी व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आयोजनाको नामले आफ्नो क्रियाकलाप गर्ने गरेको थियो र आयोजना स्थापना काल देखि नै उद्योग प्रतिष्ठानहरुमा हानिकारक तत्वहरुको नमुना संकलन तथा विश्लेषण गर्ने र व्यवस्थापकहरुलाई सुझाव तथा परामर्श दिने कार्यलाई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आयोजनाको स्थायी संगठन संरचन नेपाल सरकारबाट स्वीकृत भई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रको रुपमा स्थापना भए पछी पनि निरन्तरता दिईएको छ । यसै उद्येश्य अनुरुप नेपालभर रहेका विभिन्न उद्योग प्रतिष्ठानहरुको अनुगमन गरि कार्यस्थलमा भएका हानिकारक तत्वहरुको नमुना संकलन तथा विश्लेषण गरि सम्बन्धित उद्योगको व्यवस्थापकलाई जानकारी गराई ती तत्वहरुको न्युनिकरणमा विशेष जोड दिएको छ । यसै अनुरुप कार्यस्थलमा भएका ध्वनि,

ताप, प्रकाश, धुलो, धुँवा आदिको नमुना संकलन एवं विश्लेषण गरि र कार्यस्थलमा भएका मेशिनहरूको छेकबार एवं कार्यस्थलको गृहसंभार आदिको अनुगमन गरि देखिएको कैफियातका सम्बनधमा सुधारका लागि सम्बन्धित श्रम कार्यालयलाई अनुरोध गर्ने गरिएको छ । यो कार्यक्रमको निम्न अनुसारको उद्देश्यहरु रहेको छ।

- उद्योग तथा प्रतिष्ठानहरुको कार्यस्थलमा भएका मेशिनहरूको छेकबार एवं कार्यस्थलको गृहसंभार आदिको अनुगमन गरि देखिएको कैफियातका सम्बन्धमा सुधारका लागि सम्बन्धित श्रम कार्यालयलाई अनुरोध गर्ने ।
- कार्यस्थलमा भएका खतराका विभिन्न श्रोतहरु विशेष गरि ध्वनि, प्रकाश, धुलोको नमुना संकलन एवं विश्लेषण गरि सुधारको लागि आवश्यक सुझाव दिने ।
- कार्यस्थलको वातावरणले कामदार कर्मचारीहरुको स्वास्थ्यमा पर्ने नकारात्मक प्रभाव मुल्यांकनका लागि आधार सर्भेक्षण तयार गर्ने ।

यिनै उद्देश्यहरु परिपूर्तिका लागि आर्थिक वर्ष २०८१/०८२ मा हेटौडा, भरतपुर चितवन, कैलाली, जनकपुर धनुषा, काभ्रे, धादिङ, विराटनगर मोरङ, विरगंज र जितपुर सिमरामा संचालनमा रहेका विभिन्न प्रकृतिका ३५ वटा उद्योग प्रतिष्ठानहरुको कार्यस्थलमा हानिकारक तत्वको नमूना संकलन र विश्लेषण गरिएको थियो। उद्योग प्रतिष्ठानहरुको अनुगमन तथा निरीक्षण गर्दा देहाय अनुसारका कैफियत देखिएका छन्।

- मेशिनहरुको हरेक घुम्ने भागमा सुरक्षाको लागि छेकबार नभएको,
- मेशिनमा भएको छेकबार सुरक्षाको दृष्टिकोणले उपयुक्त नभएको,
- उचित किसिमको व्यक्तिगत सुरक्षा साधनहरुको उपलब्धता नभएको/प्रयोग नगरेको,
- कार्यस्थलमा अत्याधिक ध्वनी,
- अनुपयुक्त प्रकाश तथा संवाहन,
- अत्याधिक धुलो,
- अत्याधिक ताप,
- Layout जोखिमयुक्त रहेको,
- असुरक्षित कार्यपद्धति र
- असुरक्षित गृह सम्भार इत्यादि।

## ३.१.१६ पाठ्यक्रम निर्माण र परिमार्जन

तालिमलाई अझ प्रभावकारी बनाउनको लागि आ.व २०८१/८२ मा २ वटा पाठ्यक्रमलाई नयाँ निर्माण तथा परिमार्जन गर्ने रहेकोमा २ वटै पाठ्यक्रमलाई नयाँ निर्माण तथा परिमार्जन गरिएको थियो। पाठ्यक्रमको नयाँ निर्माण तथा परिमार्जन तपसिल बमोजिमका रहेका छन् ।

- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी दक्षता अभिवृद्धिमूलक १४ दिने प्रशिक्षण,
- सरसफाईकर्मीहरुको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य बचाउ सम्बन्धी १ दिने अभिमुखीकरण तालिम।

## ३.१.१७ सरकारी कार्यालयमा OSH को अवस्था, अध्ययन, निरीक्षण तथा Audit गर्ने

**सरकारी कार्यालयमा OSH को अवस्था अध्ययन निरीक्षण तथा audit गर्ने कार्य** आ.व २०८१/८२ को विशुद्ध नयाँ प्रकृतिको २ वटा कार्य रहेको थियो। यस केन्द्रले उद्योग/प्रतिष्ठानमा कार्यरत श्रमिकहरुलाई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी प्रशिक्षण, सचेतनामुलक तालिम, अभिमुखीकरण जस्ता कार्यहरु राष्ट्रब्यापी रुपमा संचालन गर्दै आइरहेको छ । सुरक्षित कार्यस्थलको निर्माण तथा स्वस्थ्य कार्यवातावरण सिर्जना गरि हरेक श्रमिकलाई सुरक्षाको प्रत्याभूति गराई सो उद्योग/प्रतिष्ठानको उत्पादन तथा उत्पादकत्वमा वृद्धि संगै दुर्घटनाको न्यूनीकरण गर्नु नै यस केन्द्रको मूल अभिप्राय हो। यसै सन्दर्भमा पहिलो चरणमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र, भैंसेपाटीलाई पनि एउटा नमुना केन्द्रको रुपमा स्थापित गर्नको लागि OSH को अवस्था अध्ययन, निरीक्षण तथा audit कार्य गर्ने र दोश्रो चरणमा सरकारी कार्यालय अन्तर्गतकै राष्ट्रिय अभिलेखालयको OSH को अवस्था अध्ययन, निरीक्षण तथा audit गर्ने कार्य रहेको थियो। यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।

- खतराहरू (hazards) र जोखिमहरू (risks) पहिचान गर्नु।
- कार्यस्थलमा प्रयोग भइरहेका उपकरण, रसायन, विधि तथा प्रणालीहरूको सुरक्षासम्बन्धी उपयुक्तता जाँच गर्नु।
- कार्यस्थलमा OSH सम्बन्धी नीति, नियम तथा मापदण्डहरू कार्यान्वयन भएको छ कि छैन भनेर निगरानी गर्नु।
- आगलागी सुरक्षा, विद्युत सुरक्षा, आपतकालीन निस्कने बाटो, वायुवीजन (ventilation) जस्ता भौतिक संरचनाको स्थिति हेर्नु।
- त्रुटिहरू पहिचान गरी सुधारात्मक तथा रोकथाममूलक कार्ययोजना (Corrective & Preventive Actions – CAPA) तयार पार्न सहयोग गर्नु।
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षाका समस्याहरूको कारण विश्लेषण गर्नु।
- सरकारी कार्यालयहरूलाई OSH मा नमुना कार्यस्थल बनाउनु।

## ३.१.१८ प्रयोगशाला स्तरीकृत तथा ISO प्रमाणिकरणको लागि अध्ययन अनुसन्धान गर्ने

ISO/IEC 17025 परीक्षण (Testing), मापन (Calibration) र नमूना संकलन (Sampling) सेवाहरू प्रदान गर्ने प्रयोगशालाहरूको प्राविधिक क्षमता र व्यवस्थापन प्रणालीको विश्वसनीयता सुनिश्चित गर्न तयार पारिएको एक अन्तर्राष्ट्रिय स्तरको मापदण्ड हो । ISO/IEC 17025 को लागि प्रयोगशालामा Gap Analysis गर्नु भनेको प्रयोगशालाको हालको प्रणाली, प्रक्रिया, संसाधन, कर्मचारी दक्षता र दस्तावेजिकरण अवस्था मापदण्डको आवश्यकतासँग तुलना गरी के कमी, कमजोरी छन् भन्ने मूल्यांकन गर्नु हो। यस विश्लेषणबाट प्रयोगशालाले कुन क्षेत्रहरूमा सुधार, अद्यावधिक वा नयाँ प्रक्रिया लागू गर्नु पर्छ भन्ने कुरा स्पष्ट पार्दछ। Gap Analysis ले प्रयोगशालालाई अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त गर्न, गुणस्तरीय परीक्षण सेवा दिन र प्रमाणिकरणको लागि तयारी गर्न महत्वपूर्ण भूमिका खेल्दछ। साथै यसले जोखिम न्युनीकरण, ग्राहक सन्तुष्टि वृद्धि, र निरन्तर सुधारको बाटो तयार गर्दछ। त्यसैले ISO/IEC 17025 अनुरूप कार्य प्रणाली विकास गर्न Gap Analysis एक आवश्यक प्रारम्भिक चरणको रुपमा आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम **"प्रयोगशाला स्तरीकृत तथा ISO प्रमाणिकरणको लागि अध्ययन अनुसन्धान गर्ने"** कार्य अन्तर्गत यस केन्द्रको प्रयोगशालामा ISO 17025:2017 को लागि अन्तर अध्ययन (Gap Analysis) सम्बन्धी कार्य सम्पन्न भएको थियो।

## ३.१.१९ राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सप्ताह

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको विषयमा राष्ट्रव्यापी रुपमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले उद्योग व्यवसाय र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसँग प्रत्यक्ष सरोकारवाला संघ, संस्था, उद्योग वाणिज्य संघ/महासंघ, ट्रेड युनियन संघ/महासंघ, घरेलु तथा साना उद्योग संघ/महासंघ लगायत सम्बन्धित सरकारी पक्षसँग समन्वय गरी वि.स. २०५७ साल देखि राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सप्ताह मनाउदै आएको छ। यो वर्ष **World day for safety and health at work (April-**

**28)** को अवसरमा **"व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सप्ताह २०८२" "स्वास्थ्य र सुरक्षा क्षेत्रमा आमूल परिवर्तन : कार्यस्थलमा एआई र डिजिटल प्रविधिको अवलम्वन"** भन्ने मूल नाराका साथ २०८२ साल बैशाख १५ गतेदेखि २१ गतेसम्म सप्ताहव्यापी रुपमा देशभर मनाईने कार्यक्रम निर्धारण गरिएको थियो। व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सप्ताह, २०८२ को अवसरमा केन्द्रीयस्तर एवं जिल्लास्तरमा संचालन गरिएका कार्यक्रम निम्नानुसार रहेका छन्।

## क) केन्द्रीयस्तरमा संचालन भएका कार्यक्रमहरुः-

### (१) मिति २०८२ वैशाख १५ गते शुभारम्भ समारोह तथा निःशुल्क आँखा जाँच शिविरः

यस केन्द्रको आयोजना र पाटन औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, कल्याण तथा सुरक्षा समितिको सहकार्यमा सप्ताहको पहिलो दिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको माननीय मन्त्रीज्यू शरत सिंह भण्डारीज्युको प्रमुख आतिथ्य तथा श्रीमान सचिव कृष्णहरी पुस्करज्युको अध्यक्षतामा तथा विभिन्न विभागीय प्रमुख, मन्त्रालयका सहसचिव, कार्यकारी प्रमुख, निर्देशक, अन्तर्राष्ट्रिय श्रम सङ्गठनका प्रतिनिधि, विभिन्न ट्रेड युनियनका पदाधिकारी, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विज्ञहरु, पत्रकार तथा अन्य व्यक्तित्वहरुको सहभागितामा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ सप्ताह २०८२ को शुभारम्भ समारोह सम्पन भएको थियो । सोही दिन पाटन औधोगिक क्षेत्रका श्रमिकहरू तथा कर्मचारीहरूलाइ १ दिने निशुल्क आँखा जाँच शिविर पाटन औधोगिक क्षेत्र व्यवस्थापन कार्यालयको कार्यालय प्रमुख श्री भुषण कुमार उपाध्याय ज्युको प्रमुख आतिथ्य तथा यस केन्द्रको केन्द्र प्रमुख श्री प्रतिभा गौतामज्युको अध्यक्षतामा उद्घाटन भइ सफलता पुर्वक सम्पन्न भएको थियो । पाटन औधोगिक क्षेत्र व्यवस्थापन कार्यालय, कल्याण सुरक्षा तथा समिति र Everest Parenterals Pvt. Ltd. को सहकार्यमा तथा The Shade House, Baneshwor र Eyemate बौद्धको प्राविधिक सहयोगमा कार्यक्रम सम्पन्न भएको थियो।

यस १ दिने आँखा जाँच शिविरमा पाटन औधोगिक क्षेत्र व्यवस्थापन कार्यालयका र वरपरका २०२ जना श्रमिक, कर्मचारी र सर्वसाधरणलाई निशुल्क रुपमा आँखा जाँच गरी eye drops हरु र चस्मा पनि वितरण गरिएको थियो ।





### (२) मिति २०८२ वैशाख १६ गते, सडक सुरक्षा सम्बन्धी पोस्टर वितरण र जनचेतनामुलक कार्यक्रमः

World day for Safety and Health at Work (28th April 2025) को अवसरमा "व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सप्ताह २०८२ मिति २०८२।०१।१५ गते देखि २०८२।०१।२१ गतेसम्म "स्वास्थ्य र सुरक्षामा आमूल परिवर्तन :

कार्यस्थलमा एआई र डिजिटल प्रविधिको अवलम्बन" भन्ने नाराका साथ यस केन्द्रद्वारा र सडक विभाग र विकास सहायता कार्यान्वयन महाशाखाको संयुक्त रुपमा कार्य सुरक्षा र सडक सुरक्षा सम्बन्धी नागढुंगा मुग्लिङ सडक खण्ड अन्तर्गतको परियोजानामा पोस्टर वितरण गर्ने कार्य सम्पन्न भएको थियो।

## (३) मिति २०८२ वैशाख १७ गते, श्रमिकहरुको लागि श्रम शिक्षा र OSH समबन्धी जनचेतनामुलक कार्यक्रमः

World day for Safety and Health at Work (28th April 2025) को अवसरमा "व्यवसायजन्य सुरक्षा तथा स्वास्थ सप्ताह २०८२ मिति २०८२/०१/१५ गते देखि २०८२/०१/२१ गते सम्म "स्वास्थ्य र सुरक्षामा आमूल परिवर्तण : कार्यस्थलमा एआई र डिजिटल प्रविधिको अवलम्बन" भन्ने नाराका साथ विभिन्न कार्यक्रमहरु मनाउने क्रममा मिति २०८२/०१/१७ गते भक्तपुर औधोगिक क्षेत्रमा श्रम तथा रोजगार कार्यालय टेकुको सहकार्यमा श्रम शिक्षाको सचेतनामुलक तालिम प्रदान गरियो ।

## (४) मिति २०८२ वैशाख १८ गते, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजनामा शुभकामना आदानप्रदान कार्यक्रममा सरिकः

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सप्ताह २०८२ को चौथो दिन अर्थात १३६ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको दिन मन्त्रालयको आयोजनामा शुभकामना आदानप्रदान गर्ने तथा मन्त्रालयले निर्माण गरेको श्रम संसार पोर्टलको सम्मानानीय प्रधानमन्त्रीज्युबाट भर्चुयल माध्यमबाट शुभारम्भ गर्ने कार्यमा सामेल भएको थियौ ।

## (५) मिति २०८२ वैशाख १९ गते, निःशुल्क आँखा जाँच शिविरः

World day for Safety and Health at Work (28th April 2025) को अवसरमा "व्यवसायजन्य सुरक्षा तथा स्वास्थ सप्ताह, २०८२ मिति २०८२।०१।१५ गते देखि २०८२।०१।२१ गते सम्म "स्वास्थ्य र सुरक्षामा आमूल परिवर्तण : कार्यस्थलमा एआई र डिजिटल प्रविधिको अवलम्बन" भन्ने नाराका साथ विभिन्न कार्यक्रम मनाउने क्रममा मिति २०८२/०१/१९ गते यसै केन्द्रमा १ दिने निशुल्क आँखा जाँच शिविर यस केन्द्रको केन्द्र प्रमुख श्री प्रतिभा गौताम ज्युको अध्यक्षतामा उद्घाटन भइ सफलतापूर्वक सम्पन्न भएको थियो । Everest Parenterals Pvt. Ltd. को सहकार्यमा तथा The Shade House, Baneshwor र Eyemate बौद्धको प्राविधिक सहयोगमा कार्यक्रम सम्पन्न भएको हो।

यस १ दिने निशुल्क आँखा जाँच शिविरमा यस केन्द्रको प्रशिक्षण प्रतिष्ठानका कर्मचारी बिध्यार्थिहरु र कार्यालयका वरपरका १५१ जना कराचारी, विद्यार्थी र सर्बसाधनलाई निशुल्क रुपमा आँखा जाँच गरी eye drops हरु र चश्मा पनि वितरण गरिएको थियो ।





## (६) मिति २०८२ वैशाख २० गते, OSHPN को सहकार्यमा Virtual Technical Program को आयोजनाः

World day for Safety and Health at Work (28th April 2025) को अवसरमा "व्यवसायजन्य सुरक्षा तथा स्वास्थ सप्ताह २०८२ मिति २०८२।०१।१५ गते देखि २०८२।०१।२१ गते सम्म "स्वास्थ्य र सुरक्षामा आमूल परिवर्तन : कार्यस्थलमा एआई र डिजिटल प्रविधिको अवलम्बन" भन्ने नाराका साथ OSHPN को सहकार्यमा व्यवसायजन्य सुराक्षा तथा स्वास्थ्यको नेपालमा वर्तमान अवस्था, चुनौती र अझ प्रभाकारी तरिकाले कसरि अगाडी बढ्ने बारेमा Technical Program को आयोजना गरी छलफल भएको थियो ।

## (७) मिति २०८२ वैशाख २१ गते, सरसफाई तथा वृक्षारोपण कार्यक्रमः

"World day for Safety and Health at Work (28th April 2025) को अवसरमा "व्यवसायजन्य सुरक्षा तथा स्वास्थ सप्ताह २०८२ मिति २०८२।०१।१५ गते देखि २०८२।०१।२१ गते सम्म "स्वास्थ्य र सुरक्षामा आमूल परिवर्तन : कार्यस्थलमा एआई र डिजिटल प्रविधिको अवलम्बन" भन्ने नाराका साथ विभिन्न कार्यक्रम मनाउने क्रममा अन्तिम दिन यसै केन्द्रमा सरसफाई कार्यक्रम र वृक्षारोपण कार्यक्रम सम्पन्न भएको थियो।





## ख) जिल्लास्तरमा संचालन भएका कार्यक्रमहरु:

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सप्ताह, २०८२ को अवसरमा श्रम तथा रोजगार कार्यालय, झापा, श्रम तथा रोजगार कार्यालय, विराटनगर, श्रम तथा रोजगार कार्यालय, जनकपुर, श्रम तथा रोजगार कार्यालय, हेटौडा, श्रम तथा रोजगार कार्यालय, विरगंज, श्रम तथा रोजगार कार्यालय, पोखरा, श्रम तथा रोजगार कार्यालय, बुटवल, श्रम तथा रोजगार कार्यालय, नेपालगंज, श्रम तथा रोजगार कार्यालय, धनगढी, श्रम तथा रोजगार कार्यालय, सुर्खेत र श्रम तथा रोजगार कार्यालय, टेकुले विभिन्न व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्थ सम्बन्धी सरोकारवालाहरुसंग विभिन्न कार्यक्रमहरु गरी समापन गरेका थिए।

## ३.२.१ व्यवसायजन्य सुरक्षा र स्वास्थ्य प्रवर्द्धन गर्ने किसिमको पोष्टर, पम्पलेट, प्रशिक्षण पुस्तिका आदि निर्माण एवं छपाईः

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको प्रवर्द्धन गर्न विभिन्न किसिमको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी पोष्टरहरु निर्माण गरी छपाई गरिएको छ। उक्त पोष्टरहरु तालिममा सहभागी हुने परीक्षार्थीहरुलाई प्रशिक्षण दिने कार्यमा प्रयोग गर्नुका साथै उद्योग प्रतिष्ठानहरुलाई निःशुल्क वितरण गर्ने गरिएको छ।

## ३.२.२ औषधि खरिदः

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रमा रहेको स्वास्थ्य प्रयोगशालाको लागि विभिन्न किसिमका साधारण विरामी एवं प्राथमिक उपचारमा प्रयोग हुने साधारण औषधिहरु सहित प्राथमिक उपचार बाकस खरिद गरिएको छ। यस केन्द्रमा संचालन हुने विभिन्न किसिमको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी तालिममा प्रशिक्षार्थीको रुपमा सहभागी हुने श्रमिकहरु

साधारण किसिमको विरामी परेमा वा अचानक चोटपटक लागेमा स्वास्थ्य सहायकले जाँच गरी प्राथमिक उपचार गर्ने गरिएको छ।

## ३.२ आ.व. २०८१/८२ को प्रगति अवस्थाः

### पूँजीगत तर्फको कार्यक्रमः

रु. हजारमा

| क्र.सं. | कार्यक्रम र क्रियाकलाप | ईकाई | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | प्रगतिको अवस्था | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | भौतिक | वित्तिय |
| १ | मेशिनरी औजार | वटा | ५ | ४४० | ५ | ४०१.६ | १००% | ९१.२७% |
| २ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | वटा | १ | २०० | १ | १८१.८ | १००% | ९०.९% |
| ३ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | वटा | १ | ५०० | १ | ४६४.३५ | १००% | ९२.८७% |
| पूँजीगत तर्फको कूल जम्मा | | | | ११४० | | १०४७.७५ | १००% | ९१.९०% |

पूँजीगत तर्फको कार्यक्रमको भौतिक प्रगतिः- १००%

पूँजीगत तर्फको कार्यक्रमको वित्तिय प्रगतिः- ९१.९०%

### चालुगत तर्फको कार्यक्रमः

रु. हजारमा

| क्र.सं. | कार्यक्रम र क्रियाकलाप | ईकाई | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | प्रगतिको अवस्था | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | भौतिक | वित्तिय |
| १ | उद्योग वा प्रतिष्ठानमा कार्यरत श्रमिकहरुको लागि आपतकालिन तयारी तथा प्राथमिक उपचार विषयक ३ दिने सचेतनामूलक तालिम | वटा | २ | ४५० | २ | ४४२.४५ | १००% | ९८.३२% |
| २ | उद्योग वा प्रतिष्ठान कार्यरत श्रमिकहरुको लागि व्यवसायजन्य सुरुक्षा तथा स्वास्थ्य सम्बन्धी ३ दिने सचेतनामलुक तालिम | वटा | २ | ४५० | २ | ४४९.६१ | १००% | ९९.९१% |
| ३ | व्यवसायजन्य सुरक्षा र स्वास्थ्य प्रवर्धन गर्ने किसिमको पोस्टर, पम्पलेट, प्रशिक्षण पुस्तिका आदी निर्माण एवं छपाई | वटा | १ | ९९.७५ | १ | ९८.०८ | १००% | ९८.३२% |
| ४ | श्रव्य दृष्य सामाग्री निर्माण (व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य, व्यक्तिगत सुरक्षा साधान र कार्यस्थलमा प्राथमिक उपचार) | वटा | १ | १५० | ० | ० | ० | ० |
| ५ | पाठ्यक्रम निर्माण र परिमार्जन | वटा | २ | २६४.४७ | २ | २५६.९० | १००% | ९७.१४% |
| ६ | प्रयोगशाला स्तरीकृत तथा ISO प्रमाणिकरणको लागि अध्ययन अनुसन्धान गर्ने | वटा | १ | २९७.३२ | १ | २८९.२८ | १००% | ९७.२९% |
| ७ | सरकारी कार्यालयमा OSH को अवस्था अध्ययन, निरिक्षण तथा अडिट गर्ने | वटा | २ | २२५ | २ | २१५.२५ | १००% | ९५.६७% |


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | रोलिङ्ग मिलहरुमा कार्यत श्रमिकहरुलाई OSH सम्बन्धी सचेतनामूलक तालिम | वटा | १ | २१०.९२ | १ | १८३.६९ | १००% | ८७.०८% |
| ९ | सिमेन्ट उद्योगमा कार्यत श्रमिकहरुको लागि OSH सम्बन्धी सचेतनामूलक तालिम | वटा | २ | ३०० | २ | २९४.४२ | १००% | ९८.१४% |
| १० | ग्रिल र फेब्रिकेशन कार्यमा संलग्न श्रमिकहरुलाई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य बचाउ सम्बन्धि अभिमूखिकरण तालिम | वटा | १ | २१६.५२ | १ | १९१.१ | १००% | ८८.२५% |
| ११ | व्यवसायजन्य सुरुक्षा तथा स्वास्थ्य सम्बन्धी दक्षता अभिवृद्धिमूलक १४ दिने प्रशिक्षण | वटा | २ | ८६७.५ | १ | ५०० | ५०% | ५७.६३% |
| १२ | OSH फोकल पोवाईन्ट संगको अन्तरकृया कार्यक्रम १ दिने (OSH सम्बन्धी समन्वयात्मक कार्यक्रम) | वटा | १ | १५० | ० | ० | ० | ० |
| १३ | कार्यस्थलमा खतराको पहिचान तथा जोखिम मूल्याङ्कन सम्बन्धी ४ दिने अभिवृद्धिमूलक प्रशिक्षण | वटा | २ | ३९५.३५ | २ | ३८१.४१ | १००% | ९६.४७% |
| १४ | कार्यस्थलमा हानिकारक तत्वको नमुना संकलन तथा विष्लेषण (OSH सम्बन्धी सधुारात्मक कार्य) | वटा | ४५ | ३३५.९ | ३५ | ३०६.६३ | ७७.७७% | ९१.२८% |
| १५ | प्रेसर र भेसल तथा ब्वायलर सुरक्षा सम्बन्धी ७ दिने दक्षता अभिवृद्धिमूलक प्रशिक्षण | वटा | २ | ४८२.८ | २ | ४८२.३६ | १००% | ९९.९०% |
| १६ | निर्माण उद्योगमा काम गर्ने श्रमिकहरुका लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी १ दिने सचेतनामूलक तालीम। | वटा | २ | २००.४७ | २ | २००.३५ | १००% | ९९.९४% |
| १७ | औषधी खरिद | वटा | १ | ५६.२५ | १ | ५६.१९ | १००% | ९९.८९% |
| १८ | प्रतिष्ठानको सुरक्षा तथा स्वास्थ्य समितिका सदस्यहरुलाई OSH सम्बन्धी सशक्तिकरण तालिम | वटा | २ | २१४.९ | २ | २१४.७१ | १००% | ९९.९१% |
| १९ | जलविद्युत क्षेत्रमा कार्यरत श्रमिकहरुलाई व्यवसायजन्य सुरक्षा सम्बन्धि प्रशिक्षण | वटा | २ | १८७.५ | २ | १४७.५१ | १००% | ७८.६७% |
| २० | सरसफाई कर्मीहरुका लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य बचाउ सम्बन्धि १ दिने अभिमुखिकरण तालिम | वटा | १ | १२२.५ | १ | ११६.०५ | १००% | ९४.७३% |
| २१ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सप्ताह केन्द्रिय तह मनाउने | वटा | १ | १५० | १ | १५० | १००% | १००% |
| २२ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी १ दिने सचेतनामूलक आधारभूत तालिम | वटा | ५ | ५४७.५४ | ५ | ४९९.५२ | १००% | ९१.२२% |
| २३ | अटोमोबाईल क्षेत्रमा कार्यरत श्रमिकहरुका लागि व्यवसयाजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी २ दिने अभिवृद्धिमूलक प्रशिक्षण | वटा | २ | ४०० | २ | ४०० | १००% | १००% |
| २४ | सरकारी कर्मचारीहरुलाई कार्यालयमा एर्ग्रोनोमिक्स तथा सुरक्षित कार्य अभ्यास सम्बन्धि प्रशिक्षण | वटा | १ | ९३.७५ | १ | ७१.४६ | १००% | ७६.२२% |
| २५ | कर्मचारीको उत्प्रेरणा तथा क्षमता अभिवृधिमूलक कार्यक्रम | वटा | १ | ९६.७५ | ० | ० | ० | ० |
| | **चालुगत तर्फको कुल जम्मा** | | **८५** | **६९६५.१९** | **७१** | **५९४६.९७** | **८३.५%** | **८५.३८%** |

चालुगत तर्फको कार्यक्रमको भौतिक प्रगतिः- ८३.५%

चालुगत तर्फको कार्यक्रमको वित्तिय प्रगतिः- ८५.३८%

पूँजीगत तर्फको कार्यक्रमको र चालुगत तर्फको कार्यक्रमको समेत गरी भौतिक प्रगतिः- ८४.८%


पूँजीगत तर्फको कार्यक्रमको र चालुगत तर्फको कार्यक्रमको समेत गरी वित्तिय प्रगतिः- ८६.३०%





## ३.३ आ.व.२०८०/०८१ र २०८१/०८२ को बजेट तथा प्रगतिको अवस्था

रु. हजारमा

| क्र.सं. | आ.व. | कुल विनियोजित बजेट | पूँजीगत तर्फको बजेट | | चालु तर्फको बजेट (कार्यक्रम) | | चालु तर्फको बजेट (अन्य) | | प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विनियोजित | खर्च | विनियोजित | खर्च | विनियोजित | खर्च | भौतिक | वित्तिय |
| १ | २०८०/०८१ | २५९०० | ५०० | ४४३ | ८१६८ | ५३२६ | १७२३१ | १०४७३ | ७४.७२% | ६५.२% |
| २ | २०८१/०८२ | २५९४४ | ११४० | १०४८ | ६९६५ | ५९४७ | १६८९५ | ११९६३ | ८३.५% | ८५.३८% |


आ.व.०८०/०८१ र ०८१/०८२ को विनियोजित बजेटको अवस्था
रु. हजारमा
२८००० २२००० १६००० १०००० ४००० -२०००
२५९०० २५९४४
५०० ११४०
१७२३१ १६८९५
८१६८ ७९०९
कुल बजेट
पूँजिगत
उपभोग तथा कार्यालय संचालन खर्च
चालु तर्फको कार्यक्रम
आ.व. ०८०/०८१
आ.व. ०८१/०८२


आ.व.२०८०/०८१ र २०८१/०८२ को प्रगतिको अवस्था
रु. हजारमा
१२००० १०००० ८००० ६००० ४००० २००० ०
४४३ १०४८
१०४७३ ११९६३
५३२६ ५९४७
पूँजिगत
उपभोग तथा कार्यालय संचालन खर्च
चालु तर्फको कार्यक्रम
आ.व. २०८०/०८१
आ.व. २०८१/०८२

## खण्ड चार

# नेपालमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको अवस्था एवं केन्द्रको समस्याहरु

## ४.१ नेपालमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको अवस्था

नेपालमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी छुट्टै नीति एवं निमय नभए पनि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी व्यवस्थाहरु बारे श्रम ऐन, २०७४ को दफा ६८ देखि दफा ८३ सम्म र श्रम नियमावली, २०७५ को नियम ३४ देखि ५३ सम्ममा उल्लेख भएको देखिन्छ।

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी व्यवस्था उद्योग प्रतिष्ठानको कार्यस्थलमा राम्रो भएमा श्रमिकहरु दुर्घटनामा पर्ने सम्भावना कम हुनुको साथै कार्यस्थलको वातावरणको कारणले गर्दा लाग्ने व्यवसायजन्य रोग लाग्ने सम्भावना पनि कम हुन्छ। यसले रोजगारदाताले भौतिक दुर्घटना एवं व्यवसायजन्य रोग लाग्ने कारणले श्रमिकहरुको लागि गर्नुपर्ने औषधी उपचार खर्चमा कमी आउने एवं क्षतिपूर्ति रकम दिनु पर्ने अवस्थाको श्रृजना नहुने भएकोले उद्योग प्रतिष्ठानको उत्पादनमा कमी आउनुका लागि उत्पादकत्व पनि वृद्धि हुन्छ।

व्यवासयजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी व्यवस्था राम्रो छ, छैन भन्ने कुराको मापन गर्ने सूचांक (Indicator) का रुपमा कार्यस्थलमा हुने दुर्घटनाको संख्या र कार्यस्थलको वातावरणको कारणले गर्दा व्यवसायजन्य रोग लागेको श्रमिकहरुको संख्यालाई लिने गरिएको छ।

### दुर्घटना सम्बन्धी विवरण

| आर्थिक वर्ष | दुर्घटना | | | | |
|---|---|---|---|---|---|
| | मृत्यु | अंग भंग भएको | गम्भिर | साधारण | जम्मा |
| २०७५/०७६ | १ | ० | १ | २६ | २८ |
| २०७६/०७७ | ८ | २ | ५ | ३८ | ५३ |
| २०७७/०७८ | ६ | ० | १ | ३० | ३७ |
| २०७८/०७९ | ३ | ० | २ | २१ | २६ |
| २०७९/०८० | ७ | ० | ३ | २२ | ३२ |
| २०८०/०८१ | १ | ० | ५ | २५ | ३१ |
| २०८१/०८२ | - | - | - | - | ३५ |

Source: DOLOS

माथि उल्लेखित दुर्घटनाको संख्या भन्दा वास्तविक संख्या बढी रहेको छ। श्रम कार्यालयहरुमा दुर्घटनाको बारे जानकारी प्राप्त भएको आधारमा मात्र दुर्घटना सम्बन्धी उल्लेखित विवरण श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले तयार गरेको छ। कार्यस्थलमा हुने कुनै दुर्घटना भएमा वा दुर्घटनाबाट कसैलाई चोटपटक लागेमा वा मृत्यु भएमा वा व्यवसायजन्य रोग लागेमा रोजगारदाताले सोको जानकारी श्रम तथा रोजगार कार्यालयमा तुरुन्त दिनुपर्ने व्यवस्था श्रम ऐन, २०७४ को दफा (७९) मा रहेको छ। कुनै श्रमिक कामको सिलसिलामा दुर्घटनामा परेमा, दुर्घटनाको कारणबाट चोटपटक लागेमा वा मृत्यु भएमा सोको सूचना रोजगारदाताले सात दिनभित्र श्रम तथा रोजगार कार्यालयलाई दिनुपर्ने छ भन्ने व्यवस्था श्रम नियमावली, २०७५ को नियम (५०) मा रहेको

छ। तर सो कानूनी व्यवस्था अनुसार प्रायजसो प्रतिष्ठानले दुर्घटनाको जानकारी श्रम तथा रोजगार कार्यालयमा दिने गरेको पाइदैन।

## ४.२ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी केन्द्रका समस्याहरु

- दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति हुन नसकेको केन्द्रको कार्य सम्पादनमा कठिनाई भएको,
- केन्द्रमा अवस्थित रसायनिक प्रयोगशाला, हाइजिन प्रयोगशाला, स्वास्थ्य प्रयोगशाला तथा मेकानिकल प्रयोगशालाको स्तरोनन्ती अत्यावश्यक भएको,
- कर्मचारीहरुको वृत्ति विकासको अवसर नभएकोले दक्ष कर्मचारीहरु केन्द्रबाट पलायन हुने गरेकोले दक्ष कर्मचारीहरुको अभावमा कार्य सम्पादनमा कठिनाई भएको,
- केन्द्रको कार्यलाई Research सँग Tie up गर्न नसकिएको,
- विषय विज्ञहरुको पारिश्रमिक कम भएकोले विषय विज्ञहरुद्वारा प्रशिक्षण गराउन कठिनाई भएको,
- कार्यक्रमहरुको लागि विनियोजित बजेट पर्याप्त नभएकोले कार्यक्रम संचालन गर्न कठिनाई भएको,
- OSH को क्षेत्राधिकारमा यस केन्द्रको स्वामित्वमा पर्याप्त नीति नियम नभएकोले सधैं ओझेलमा परेको,
- कार्यक्रमहरुको लागि विनियोजित बजेट अपर्याप्त भएकोले कार्यक्रम संचालन गर्न कठिनाई भएको।